# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धिचरण नगरपालिका
## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिद्धिचरण नगरपालिका

## ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिद्धिचरण नगरपालिका

ओखलढुङ्गा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. ६३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुख ज्यू ,
सिद्धिचरण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
ओखलढुंगा ।

१. **कैफियत सहितको राय** - हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. नगरपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ९८ लाख ८६ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभएकोले बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ७४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ३ लाख ८२ हजार, नियमित गर्नुपर्ने रू.६६ लाख १ हजार र पेस्की बाँकी रू.१० लाख २९ हजार समेत रू.१ करोड ९८ लाख ८६ हजार रहेको छ । यस नगरपालिकाको गत वर्षसम्म रू.८ करोड ४७ लाख ५ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रू.९ करोड ७३ लाख ३५ हजार रहेको छ। नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३ हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाह लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस नगरपालिकाको व्यवस्थापनमा रहेको छ । नगरपालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)
**नायब महालेखापरीक्षक**

# सिद्धिचरण नगरपालिका,
# ओखलढुंगा जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रू. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८४ | ८३ | १९८८६ | ० | ० | ० | ८४ | ८३ | १९८८६ | १८७४ | ६६०१ | १०३८२ | ० | ० | १६९८३ | १०२९ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ८४७०५ | ० | ७७४२ | ७६९६३ | ४८६ | १९८८६ | ९७३३५ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | प्रतिक्रियाबाट फस्योंटको लागि पालिकाबाट अनुरोध भई नआएको | | - |
| | चालु वर्षको जम्मा | - | - | - |
| | गत विगत वर्ष तर्फको | | | |
| | २०७८।७९ | | | |
| १ | | १३ | भिम बहादुर दर्जीको पेस्की फस्योंट | २००००० |
| २ | | १३ | सिमलडाँडा सितलपुर मिसन हस्पिटल रोड मर्मत उपभोक्ता समितिको पेस्की फस्योंट | २१४५०० |
| ३ | | १३ | मिलनचोक देखी लामिस्वती सप्नावती हुँदै रुम्जाटार जोड्ने सडक मर्मतको पेस्की फस्योंट | १००००० |
| ४ | | १३ | मिलनचोक देखी लामिस्वती सप्नावती हुँदै रुम्जाटार जोड्ने सडक मर्मतको पेस्की फस्योंट | ११४५३० |
| ५ | | १३ | लोकिल भञ्ज्याङ्ग देखि कामी चौतारासम्म जोड्ने मोटरबाटो उ.स.को पेस्की फस्योंट | २१४७५८ |
| ६ | | १३ | नाल्सु मैनाटार सडकको पेस्की फस्योंट | २१४६७३ |
| ७ | | १३ | बाखे आरुबोट सडकको पेस्की फस्योंट | १७१५३० |
| ८ | | १५.२ | बढी ग्रेड भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश<br>- श्री भरत कुमार ढकाल रू.१४२९९<br>- श्री ईन्द्र बहादुर अधिकारी रू.१४२९९ | २८५९८ |
| ९ | | १५.३ | विद्यालय सधार योजना प्रमाण पेश | ३८५००० |
| १० | | ४२ | बढी खर्च लेखेको प्रदेश समपुरक रकमको प्रमाण पेश | ५४५५५९ |

| | | | | |
|---|---|---|---|---|
| ११ | | ४९.२ | स्यानिटरी प्याड बुझेको प्रमाण पेश | ५५२६५१ |
| १२ | | ५०.१ | ७ वटा विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश | ८०००० |
| १३ | | ५०.४ | श्री नारायणस्थान मा.वि. ४ कोठे भवन निर्माण कार्य प्रमाण पेश | ३६००००० |
| १४ | | ५०.५ | राजिनामा पछी तलब भुक्तानी प्रमाण पेश | १५४३० |
| १५ | | ५०.७ | ६ वटा विद्यालयलाई बढी निकासा भएको छात्रवृत्ति रकम प्रमाण पेश | १५००० |
| १६ | | ५०.८ | शिक्षण सहयोग अनुदान बढी निकासा प्रमाण पेश | २९७३३३ |
| १७ | | ५०.१० | अवकास पश्चात तलब भुक्तानी असुल गरी दाखिला गरेको प्रमाण पेश | ९४४१ |
| १८ | | ५२.१ | १६ जना कर्मचारीको पारिश्रमिक कर दाखिला गरेको प्रमाण पेश | ८७६६७ |
| १९ | | ५२.२ | औषधी खरिद बढी भुक्तानी प्रमाण पेश | ६२००० |
| २० | | ५२.४ | ओषधी खरिद बढी भुक्तानी प्रमाण पेश | ४५००० |
| | **२०७८।७९ को जम्मा** | | | ६९५३६७० |
| | **२०७७।७८** | | | |
| १ | | १६ | बढी दरले बैठक भत्ता भुक्तानी रकमको प्रमाण पेश | ७५६५० |
| २ | | २९.१ | अग्रिम कर रकम असुल गरी दाखिला गरेको प्रमाण पेश | १३६२० |
| ३ | | ५० | उपस्थिति बेगर बैठक भत्ता भुक्तानी रकम असुल<br>नाम: रकम<br>सिता तामाङ: ५९५<br>नौराज राई: ५९५<br>मदन ब. मगर: ५९५<br>रत्नमाया विक: ११९० | २९७५ |
| ४ | | ५८ | नपाउने यातायात खर्च भुक्तानी रकम असुल गरी दाखिला गरेको प्रमाण पेश<br>- रामेश्वर पोखरेल रू.५००।-<br>- नरेश कटवाल रू.५००।- | १००० |
| ५ | | ६५ | पेस्की फस्यौंटको प्रमाण पेश | ३४५६०० |
| ६ | | ९१ | स्वास्थ्य संस्थाको लागि वर्षान्तमा खरिद गरिएका स्टेशनरी सामानको प्रमाण पेश | ३४९०५३ |
| | **२०७७।७८ को जम्मा** | | | ७८७८९८ |
| | **२०७६।७७** | - | - | - |
| | **गत विगतको जम्मा** | - | - | ७७४१५६८ |
| | **कुल जम्मा** | **-** | **-** | **७७४१५६८** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **परिचय**

(क) **सिद्धिचरण नगरपालिकाको परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, नगरसभा सदस्य ६३ जना, १७१.०६ व.कि.मी. क्षेत्रफल, २८३७४ जनसंख्या र कोशी प्रदेशमा अवस्थित छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।११ देखि २०८०।५।१६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय -व्ययतर्फ रू.१,६७,००,३८,७६१।८५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रू.२८,२६७।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रू. |
|---|---|---|
| १ | सामाजिक सुरक्षा भत्ता बढी निकासा दिएको रकम २०८०।६।२ मा रा बा बैंक लि. मा बेरुजु खातामा दाखिला | १६२६७ |
| २ | सामाजिक सुरक्षा भत्ता बढी निकासा दिएको रकम २०८०।५।२६ मा रा बा बैंक लि.मा बेरुजु खातामा दाखिला | १२००० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

२.१ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राखुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छ।

| विवरण | यस वर्ष रू. | | |
|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ति (क+ख)** | ८११७२९०६३.६८ | ६२८५१९१९३.७५ | ६२८५१९१९३.७५ |
| **क. प्राप्ति (संचितकोष)** | ७८३८६९३२१ | ६२१७६९३७०.७५ | ६२१७६९३७०.७५ |
| ११००० कर | १२७४०७८६० | ९७५९१२६२.९८ | ९७५९१२६२.९८ |
| १३००० अनुदान | ५७०५६७७५३ | ५२११८२१३१.९ | ५२११८२१३१.९ |
| संघीय सरकार | ५२३४००४२१ | ४८०९००९८२.९ | ४८०९००९८२.९ |
| प्रदेश सरकार | ४७१६७३३२ | ४०२८११४९ | ४०२८११४९ |
| १४००० अन्य राजस्व | ६७२५००० | २९९५९७५.८७ | २९९५९७५.८७ |
| ३२००० वित्तीय सम्पत्ति | ७९१६८७०८ | ० | ० |
| ख. अन्य प्राप्ति | २७८५९७४२.६८ | ६७४९८२३ | ६७४९८२३ |
| वितरण गर्न बाँकी राजस्व | ० | ० | ० |
| कोषहरु | २७८५९७४२.६८ | ९४५००० | ९४५००० |
| धरौटी | ० | ५८०४८२३ | ५८०४८२३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |

| | | | |
|---|---|---|---|
| भुक्तानी (ग+घ) | ८११७२९०६३.६८ | ६८०६४०८९९.७३ | ६८०६४०८९९.७३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७८३८६९३२१ | ६६६४९७३९७.७३ | ६६६४९७३९७.७३ |
| २१००० पारिश्रमिक / सुविधा | ३०८९७२००० | २८५१५१८४४.८९ | २८५१५१८४४.८९ |
| मालसामान तथा सेवाको उपयोग | १७५७०५००० | १४७९०३७७५.८४ | १४७९०३७७५.८४ |
| २५००० सहायता (Subsidy) | २१२५१००० | १६९०५८८७ | १६९०५८८७ |
| २६००० अनुदान | ५००००० | ५००००० | ५००००० |
| २७००० सामाजिक सुरक्षा | ९९६४००० | ८०५५२९६ | ८०५५२९६ |
| २८००० अन्य खर्च | २९३८८६० | १७२२४४८ | १७२२४४८ |
| गैर वित्तीय सम्पत्ती/पुँजीगत खर्च | २६४५३८४६१ | २०६२५८१४६ | २०६२५८१४६ |
| घ. अन्य भूक्तानी | २७८५९७४२.६८ | १४१४३५०२ | १४१४३५०२ |
| कोषहरु | २७८५९७४२.६८ | १०७८९८५० | १०७८९८५० |
| धरौटी | ० | ३३५३६५२ | ३३५३६५२ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -५२१२१७०५.९८ | -५२१२१७०५.९८ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १०२९५०४४४.८७ | १०२९५०४४४.८७ |
| वर्षान्तको बाँकी रकम (ङ+च) | | ५०८२८७३८.८९ | ५०८२८७३८.८९ |
| बैंक तथा नगद बाँकी | | ५०८२८७३८.८९ | ५०८२८७३८.८९ |

सैद्धान्तिक बेरुजु

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली(सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१३,५२,४२,६७२।-, गरिबसँग विश्वेश्वरको रू.४,६३,०००।- सुत्रमा लेखाङ्कन गरेको छैन । त्यसै गरी कोष तथा लेखा नियन्त्रक कार्यालय, ओखलढुङ्गामा पालिकाको खातामा रहेको राजश्व आम्दानी रू.१२,८३,४३९।४० सुत्रमा समावेश भएको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.३ **फरक हिसाब -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार

समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.१,०२,४८,८३२।१७, यस वर्षको प्राप्ति रू.१८,५५,६३,७५०।२७ र यस वर्षको भुक्तानी रू.१७,५३,१४,९१८।१० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ। साथै पालिकाले फरक परेको सम्वन्धमा यकिन गरी हिसाव मिलान गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७२) | १०२९५०४४४.८७ | ६२८५१९१९३.७५ | ६८०६४०८९९.७३ | ५०८२८७३८.८९ |
| एकीकृत आर्थिक विवरणअनुसार | ९२७०१६१२.७० | ८१४०८२९४४.०२ | ८५५९५५८१७.८३ | ५०८२८७३८.८९ |
| **फरक** | **१०२४८८३२.१७** | **१८५५६३७५०.२७** | **१७५३१४९१८.१०** | **०.००** |

सैद्धान्तिक बेरुजु

२.४ **फरक जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू.९,२४,७१,२१२।७० मौज्दात रहेकोमा यो वर्ष एकीकृत आय-व्यय अनुसार रू.९,२७,०१,६१२।७० जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू.२,३०,४००।- बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गरी हिसाव पेश हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ।

| खाता | खाता अनुसार बाँकी | बैंकअनुसार बाँकी | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| ग १.३, आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० | ० |
| ग २.७, विविध खर्च खाता | ८३७९९६.८ | ८३७९९६.८ | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ७०५२१८३ | ७०५२१८३ | ० |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | ३३४५६९०३.४१ | ३४९७७७५१.५७ | १५२०८४८ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ५०,०००.०० | ५००००. | ० |

| | | | |
|---|---|---|---|
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ३३२२३७९.९३ | ३३२२३७९.९३ | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ७३९६४७ | ७३९६४७ | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | २७०४९८२ | २६१९२०६ | -८५७७६ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | १७६००० | १७६००० | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ५७४९९३ | ५७४९९३ | ० |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ७१८४४७.७५ | ७१८४४७.७५ | ० |
| ग ७.१, स्थानीय तह आकस्मिक कोष खाता | ६३१९९५ | ६३१९९५ | ० |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५६३२११ | ५६३२११ | ० |
| **जम्मा** | **५०८२८७३९** | **५२२६३८११** | **१४३५०७२** |

१. पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।
२. उपयुक्त तालिका बमोजिम स्थानीय तह विविधकोष खाता रू.२७,०४,९८२।- मौज्दात रहेकोमा बैंक स्टेटमेन्ट बमोजिम रू.२६,१९,२०६।- मौज्दात देखिएको हुँदा रू.८५,७७६।- घटि मौज्दात देखिएको छ। पालिकाले घटी मौज्दात देखिएको रकमको हिसाव पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,७७६ |

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• सार्वजनिनक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो,

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• पूर्वाधार निर्माण गर्दा क्षेत्राधिकार निर्धारण गरी कार्यक्रम कार्यान्वयन नगरेको,

• सडक निर्माण, स्तरोन्नती तथा मर्मत गर्दा चेनेज नखुलाएको,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी आयोजनाको बैंक खडा गरेको देखिएन,

• बजेट रकमको हाराहारीमा लागत अनुमान बनाउने गरेको,

• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण गरेको पाईएन,

• जिन्सी अभिलेखमा सामानको स्पेशिफिकेसन खुलाई आम्दानी वाँध्ने गरेको पाइएन,

• वडा र शाखा कार्यालयमा खरिद भएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आम्दानी बाँध्ने नगरिएको,

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन,

• योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन व्यवस्थित गरी नराखेको,

• कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिपालना गरी मितव्यायी र प्रभावकारी रुपमा सचालन गर्नुपर्ने,

• कर्मचारीहरुलाई पहिला दिएको पेस्की फस्यौट नहुँदै पुन पेस्की दिने गरेको,

• सञ्चालित योजनाको आय-व्यय सूचना पाटीमा सार्वजनिक गर्ने, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरणको संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन,

• शाखा र वडा कार्यालयको जिन्सी एकीकृत गरी अध्यावधिक गरी राख्नु पर्दछ,

• जिन्सी सहायक खाता अध्यावधिक गरी नराखेको,
• रू.२० हजार भन्दा घटीको प्यान विल संलग्न गरी टुक्रा टुक्रा पारी सामान खरिद गर्ने गरेको,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेस्की तथा बेरुजुको लगत तयार गरेको पाईएन,

उल्लिखित अवस्था सुधार हुने गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले आर्थिक वर्षको अन्तिममा मात्र आन्तरिक लेखापरीक्षण गराएको छ । ऐनमा उल्लिखित अनुसार त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ पालना लेखापरीक्षण

५.१ **वार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू.२०,६२,५८,१४६।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ।

सैद्धान्तिक बेरुजु

५.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रू.८१ करोड ०६ लाख २४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१५ मा पारित भएको छ। यसैगरी नगर प्रमुखले मिति २०७९।०३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५.४ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.५ **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले लक्ष्य प्रगति विवरण तयार पारेको देखिएन ।

सैद्धान्तिक बेरुजु

५.६ **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि. नं. | क्षेत्र/उपक्षेत्र | विनियोजन रकम रू. | खर्च रकम रू. | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७६७५५४२१ | ५८७९८५८१ | ८.८ |
| २ | सामाजिक विकास | ३८११४७००० | ३५४६३४७८५.९ | ५३.२ |
| ३ | पूर्वाधार विकास | १४९७५४७०८ | ११५५७५९६७ | १७.३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५२११६३३२ | ४३८३८२०४ | ६.६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२४०९५८६० | ९३६४९८५९.८३ | १४.१ |
| कुल जम्मा | | ७८३८६९३२१ | ६६६४९७३९७.७३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५३.२ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ६.६ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

५.७ **चौमासिक पुंजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २०६२५८१४६ | १४९३६९७८ | ६८१५२००२ | १२३१६९१६६ | ६६०२३७६३ |
| प्रतिशत | १०० | ७.२४ | ३३.०४ | ५९.७२ | ३२.०१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार प्रथम चौमासिकमा ७.२४ प्रतिशत रू.१,४९,३६,९७८।-,दोस्रो चौमासिकमा ३३.०४ प्रतिशत रू.६,८१,५२,००२।- र तेस्रो चौमासिकमा ५९.७२ प्रतिशत रू.१२,३१,६९,१६६।- खर्च गरेको देखिएको छ । आषाढ महिनामा खर्चको चाप बढी ३२.०१ प्रतिशत रू.६,६०,२३,७६३।- खर्च भएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिदैन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा प्रतिवेदन बनाई सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५.८ **योजना प्राथमिकीकरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा वडागत र पालिकास्तरका कुल २९९ योजनामा बजेट विनियोजन गरेको छ।

| विवरण | २० लाख माथिका | ५ लाख देखि २० लाख | ५लाख भन्दा कम | जम्मा |
|---|---|---|---|---|
| योजना संख्या | १७ | १९ | २६३ | २९९ |
| रकम | ९३६०००००० | २८४७५००० | ६४७२५००० | १८६८००००० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च बिश्लेषण -** पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रू.१,२४,९४,२८४।०७ राजस्व बाँडफाँड र अनुदानबाट रू. ६०,९२,७५,०८६।६८ समेत रू.६२,१७,६९,३७०।७५ आम्दानी भएकोमा गतको मौज्दातबाट समेत चालुतर्फ रू. ४६,०२,३९,२५१।७३ र पुँजीगततर्फ रू.२०,६२,५८,१४६।- समेत रू.६६,६४,९७,३९७।७३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.८७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू.१,०८,०६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ८६.४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.०५ प्रतिशत चालु र ३०.९५ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानुन एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ। आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रू.३,९६,०९,२४६।१० कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी मध्ये संचित कोष फिर्ता | फिर्ता मिति |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | ससर्त | ३८३२००४२१ | ३५३१७१०६९.९० | ३३५२१९३८.१० | २०८०।४।१ |
| | विशेष | ८५००००० | ७०३२५७९.०० | | |
| | समपुरक | १२०००००० | ९९७४८३४.०० | | |
| **प्रदेश सरकार** | ससर्त | ३०७७६३३२ | २६०४७४७३.०० | ६०८७३०८.०० | २०८०।४।१ |
| | समपुरक | १०००००००० | ८६४१५५१.०० | | |
| | **जम्मा** | **४४४४७६७५३** | **४०४८६७५०६.९०** | **३९६०९२४६.१०** | |

सैद्धान्तिक बेरुजु

## ८ संगठन तथा कर्मचारी व्यवस्थापन

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ९४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८.२ **आयोगको परामर्श -** प्रदेश र स्थानीय तहको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न प्रदेश लोक सेवा आयोग (आधार तथा मापदण्ड निर्धारण) ऐन जारी भएको छ । उक्त ऐन अनुसार स्थानीय तहबाट निवृत्तभरण पाउने पदको नियुक्ति गर्दा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तता, स्थानीय तहको संगठित संस्थाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले अधिकृत छैटौंबाट सातौंमा १ जना र चौथो तहको ११ जनालाई पाँचौ तहमा समेत १२ जनालाई आयोगको परामर्श लिई "कर्मचारीको तह वृद्धि गर्न व्यवस्था गरेको कार्यविधि, २०८०" कार्यपालिकावाट २०८०।२।३२ मा पारित गरी बढुवा गरेको छ ।

सैद्धान्तिक बेरुजु

८.३ **तलबी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलबी प्रतिवेदन पारित नगराई रू.६,५०,५५,८३७।- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

**कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कार्यपालिकाको निर्णयको आधारमा रू.५,६८,०३७।- प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च मितव्ययी हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८.४ **करार कर्मचारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट

लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। कार्यालयले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रू.१,८४,४३,१९१।- लाख खर्च गरेको देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकावाट प्राप्त विवरण अनुसार उल्लेखित पदहरुमा बाहेक २ कर्मचारी करारमा नियुक्त गरी तलब भत्ता रू.७,४०,५९१।- भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था बमोजिम कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएको छैन ।

| पद | नियुक्ति संख्या |
|---|---|
| कम्प्युटर अपरेटर | १ |
| सव इन्जिनियर | १ |
| जम्मा | २ |

सैद्धान्तिक बेरुजु

८.५ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले देहायवमोजिम दरवन्दी भन्दा वढी १४ जना कर्मचारी राखेको नियमसम्मत नदेखिएको रु

| पद | नियुक्ति संख्या |
|---|---|
| असिस्टेन्ट सव इन्जिनियर | २ |
| अनमि | ४ |
| फोहोरमैला संकलक | ७ |
| भान्से (डोर हाजिर) | १ |
| जम्मा | १४ |

| अनियमित भएको | ३४,६५,३९२ |
|---|---|

## ९ कानुन र न्याय तर्फ

९.१ **कानुन र सञ्चालन स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानुनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ६ वटा नियमावली, ४७ कार्यविधि लगायत ७२ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

सैद्धान्तिक बेरुजु

९.२ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३ र यो वर्ष थप भएको १५ गरी कुल १८ विवाद दर्ता भएकोमा ११ वटा मात्र फस्यौंट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **पेस्की बाँकी** - आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेस्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ । चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था, पदाधिकारी र कर्मचारीलाई रू.२३,२७,२३५।- र गत वर्ष दिएको रू.६२,५४,८२२।- समेत रू.८५,८२,०५७।- पेस्की फस्यौंट गर्न बाँकी रहेको छ । सो मध्ये यस वर्ष दिएको म्याद नाघेका पेस्की रू.१०,२८,७७८।- नियमावलीको व्यवस्था अनुसार फछ्यौंट गर्नुपर्ने देखिएको रू.

| सि.नं. | भौ. नं. र मिति | पेस्की लिने व्यक्ति, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | गत आ.व. सम्मको |
|---|---|---|---|---|---|
| | | | म्याद ननाघेको | म्याद नाघेको | |
| १ | ४/१/२०७९।१ | श्याम सुन्दर। नेपाल फुलवारी सेवा जे.भी. | ० | ० | ३०७२००० |
| २ | २/७/२०८०।४९ | श्रेष्ठ बिल्डर्स | २९८४५७ | ० | ० |
| ३ | ०८०/३/३।६७ | श्रेष्ठ बिल्डर्स | १०००००० | ० | ० |
| ४ | ०७९/०४/१।१ | नेपाल बिद्युत प्राधिकरण (म्याद नाघेको) | ० | ० | १२९६९४० |
| ५ | ०७९/४/१।१ | चुप्लु बेसी झोलुङ्गे पुल उपभोक्ता समिति (म्याद नाघेको) | ० | ० | ९९१३७२ |
| ६ | ०७९/४/१।१ | ढाँडखोला ट्रसपुल उपभोक्ता समिती (म्याद नाघेको) | ० | ० | ३११९४४ |
| ७ | ०७९/४/१।१ | रक्तेपु खोला (जाबुक) झोलुङ्गे पुल उ.स. (म्याद नाघेको) | ० | ० | ५८३३६६ |
| ८ | ०७९/१२/१७।१ | नारायणस्थान मा. वि. शौचालय निर्माण | ० | १७१००० | ० |
| ९ | १६।०८०।१।१५ | निशंखे काफलवोटेवाट नारायणस्थान सिमाना जोड्ने सडक | ० | २१४२९२ | ० |
| १० | १८।०८०।१।१७ | चित्रे घुम्सा हुँदै पोक्तिङ् खोला सडक | ० | २१४४८६ | ० |
| ११ | २०।०८०।२।७ | राम्चे डुम्रे सडक स्तररोन्नती उ. स. | ० | २१४५०० | ० |
| १२ | २२।०८०।२।२३ | सिमलडाँडा सितलपुर सडक स्तरोन्नती | ० | २१४५०० | ० |

| | | | |
|---|---|---|---|
| **जम्मा** | १२९८४५७ | १०२८७७८ | ६२५४८२२ |
| **कुल जम्मा** | | | **८५८२०५७** |

| | |
|---|---|
| पेस्की | १०,२८,७७८ |

११ **म्याद ननाघेको पेस्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेस्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्षसम्म विभिन्न कार्यक्रममा निकाय व्यक्ति तथा संस्थालाई दिएको रू.४५,७०,४५७।- म्याद ननाघेको पेस्की रहेको छ । नियमानुसार पेस्की असुल फस्यौंट हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१२ **लागत साझेदारी** - प्रदेश तथा स्थानीय तहमा ससर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०७८ को बुँदा २०(५) अनुसार सामुहिक प्रयोगको साना सिंचाईको हकमा ८५ प्रतिशत र बाँकी कार्यक्रममा वढिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले खायन आलु उत्पादन कार्यक्रमको रू. १५ लाख बजेटवाट मल बिउ भण्डारण तथा कोल्ड स्टोर निर्माण लगायतका कार्यको रू.१७,१५,१०५।-लागतको कार्य भए अनुसार १५२।०८०।१।१३ वाट ५० प्रतिशत साझेदारी रू.६,४२,४४७।- घटी कट्टी गरी रू.१५ लाख भुक्तानी गरेको देखियो । कार्यविधि अनुसार घटी लागत साझेदारी कट्टी असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,४२,४४७ |

१३ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले रैथाने बाली र मकै बाली प्रवर्द्धन कृषि औजार कार्यक्रमका लागि ५० प्रतिशत अनुदानमा ४५ वटा मिनि टेलर र मिल खरिदमा रू.९,३६,१७५।- खर्च गरी २७ समुह तथा १ व्यक्तिलाई वितरण गरेको छ । अनुदानमा उपभोक्ताबाट प्रत्यक्ष सहभागिता हुने गरी नगद प्राप्त गरी आपुर्तकलाई एकमुष्ठ भुक्तानी नगरेको र किसानले व्यहोर्नु पर्ने खर्चको आपूर्तकलाई भुक्तानी गरेको रसिद समेत संलग्न छैन । अनुदानमा नगद सहभागितालाई प्रोत्साहन गर्दै संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

१४ **ईन्धन** - कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रू.५१,९८,६२५।- खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन । पालिकाले व्याकहो लोडर, टिपर र

दमकलमा प्रयोग भएको इन्धनको खर्च समेत समावेश भएको जनाएको छ । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई लग बुक प्रमाणित गरी राख्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले बाख्रा पकेट तथा बङ्गुर पकेट वितरण लगायतका कार्यक्रममा अनुदान उपलव्ध गराएका केही उदाहरण निम्नानुसार छन् । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । पालिकाले संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अभिलेखिकरण सहित अनुदानको सदुपयोग भए नभएको सम्वन्धमा प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| सि.नं. | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|
| १ | श्री माँ दुर्गा कृषी तथा पशुपंक्षी फर्म | १३२९७५ |
| २ | नव जागरण महिला कृषक समूह | ३४१६२७ |
| ३ | सरिता कृषि तथा पशुपंक्षी फर्म | १९३५९६ |
| ४ | बेथुखर्क लालीगुराँस कृषक समुह | १७८५४५ |
| ५ | नवदुर्गा मकै बिउ उत्पादक कृषक समुह | १९६८९० |
| ६ | नमुना बाखा फार्म | ७८८०० |
| ७ | ओखरबोट मिश्रित कृषक समुह | २९४०२० |
| ८ | महिला एकता कृषि सहकारी संस्था लि. | ४८९५० |
| ९ | जाल्पादेवी कृषक समुह | २९१५७५ |
| १० | श्री फलफुल तथा तरकारी कृषक समूह | ९७८९० |
| ११ | परिवर्तनशिल महिला सामुदायिक सस्था | १९७४६७ |
| १२ | चम्पादेवी महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | ४८००० |
| १३ | उन्नतशिल महिला बहुउद्देश्यीय सहकारी संस्था लि. | १८७९९० |
| १४ | विगुटार एकल महिला उद्यमशिलता समूह | ५००००० |
| १५ | सेतीदेवी अगुवा आलुखेती कृषक समूह | १५६५४९० |
| १६ | महिलाउत्थान बचत तथा ऋण सहकारी संस्था लि. | ४८००० |
| १७ | इन्दिरा फलफूल नर्सरी तथा एकीकृत कृषि फार्म | १२०८७१ |

| | | |
|---|---|---|
| १८ | श्री सिर्जनशील उत्थान बंगुर पालन कृषक समूह | ५७०२५० |
| १९ | शिलाकन्या देवी कृषक समुह | १९७३८० |
| २० | सरस्वती महिला कृषि सहकारी संस्था लि. | ४८००० |
| २१ | अधेरी माप्लोग्याल महिला उद्यमी समुह | १९४९४० |
| | **जम्मा** | **५५३३२५६** |

सैद्धान्तिक बेरुजु

१६ **फोहरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रू.३४,१८,०५८।- खर्च गरेको छ । लागत अनुमान तयार गरी सम्भार तथा संरक्षण अभिलेख समेत राखी सवारी साधन मर्मत गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **विविध खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । कार्यालयले विविध खर्चमा रू.१७ लाख ९७ हजार खर्च गरेको देखिन्छ । खर्च भुक्तानीमा बिल समावेश रहेको भएतापनि सेवा प्रवाहसँग सम्वन्धित हुने गरी पुष्ट्याईं समावेश रहेको देखिंदैन। पदाधिकारी सुविधामा अतिथि खर्च उपलव्ध गराएको अवस्थामा विविध खर्चवाट पदाधिकारीको खाना, खाजा तथा चिया लगायत खर्च लेखेको देखिन्छ । उद्देश्य र

यथार्थता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । खर्चका केही उदाहरण निम्नानुसार रहेका छन् ।

| क्र.सं. | गो भौ नं. | विवरण | खर्च रकम |
|---|---|---|---|
| १ | ६२।०७९।६।९ | अतिथि सत्कार तथा विविध खर्च | १३६७५० |
| २ | १९६।०७९।११।५ | विविध खर्च | ४४५१५ |
| ३ | ३४८।०८०।३।४ | खाना खाजा खर्च | २४१०० |
| ४ | २८४।०८०।१।१२ | चिया खाजा खाना खर्च | ३०४२५ |
| ५ | ३९४।०८०।३।१८ | खाना खाजा चिया खर्च | २२५०० |

सैद्धान्तिक बेरुजु

२० **प्रशासनिक खर्च र आन्तरिक आम्दानी अवस्था** - पालिकाको आन्तरिक आम्दानी तथा केहि प्रशासनिक खर्च निम्नानुसार रहेको छ ।

| खर्च | | | आन्तरिक आम्दानी | | |
|---|---|---|---|---|---|
| क्र.सं. | खर्च शीर्षक | खर्च रकम | क्र.सं. | शीर्षक | रकम |
| १ | इन्धन (पदाधिकारी) | १०४७९५१ | १ | आम्दानी | १२४९४२८४ |
| २ | इन्धनकार्यालय प्रयोजन | ३४३०६७४ | | | |
| ३ | सवारीसाधन मर्मत खर्च | २८४२०५८ | | | |
| ४ | अनुगमनमुल्याङ्कन खर्च | ५४३२० | | | |
| ५ | भ्रमणखर्च | ३०२३०५० | | | |
| ६ | घर भाडा | १२२५४४८ | | | |
| ७ | विविध खर्च | २९४८५५० | | | |
| ८ | सभातथा विविध कार्यक्रम खर्च | ६४१४८३ | | | |
| ९ | पदाधिकारी सुविधा | १०८०६००० | | | |
| | **जम्मा** | **२६०१९५३४** | | **जम्मा** | **१२४९४२८४** |

पालिकाको आन्तरिक आम्दानीको तुलनामा उल्लिखित खर्च २ गुणा भन्दा वढी रहेकोले मापदण्ड तयार गरी खर्च मितव्ययी हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **नगर विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन कोष** - विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनका लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र त्यसको व्यवस्थापन स्थानीय तहको नियम बमोजिम हुने कुरा व्यवस्था रहेको छ । नगरपालिकाले विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन, २०७५ जारी गरेको छ । यस कोष तर्फ गत वर्षको मौज्दात रू.१४,६६,७१५।- रहेकोमा यस वर्ष रू.८,३४,७२०।- खर्च गरी बाँकी रू.६,३१,९९५।- देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२२ **गैर आवासिय छात्रवृत्ति** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार विद्यालयमा आउन जान नसक्ने एवम अध्ययनका लागी डेरा गरी वस्ने वा विद्यालयले व्यवस्था गरेको आवासमा वस्ने अपाङ्गता भएका वालवालिकाको लागी प्रति विद्यार्थी प्रति महिना रू.४,०००।-का दरले १० महिनाको जम्मा रू.४०,०००।-विद्यालयलाई अनुदान दिने र विद्यालयले छात्रावासमा वस्ने छात्रछात्रालाई व्यक्तिगत सरसफाईको लागी आवश्यक पर्ने सामाग्री खरिदको लागी मासिक रू.५००।- का दरले १० महिनाको रू.५,०००।- नगदै अनिवार्य बुझाउनुपर्ने व्यवस्था छ । सरगरमाथा जनता आविलाई आवासिय छात्रवृत्ति २० जनाको रू.४०,०००।- का दरले रू. ८,००,०००।- निकासा गरिएको छ । पालिकाले निर्देशिका बमोजिम कार्यान्वयन भएको नभएको अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२३ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १२ वडामा ७६ योजना सञ्चालन गरी यस वर्ष ४५९ जनालाई औसत ४७ दिन रोजगारी उपलव्ध गराई रू.१,५१,९०,१८१।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२४ **फिल्ड भत्ता** - नेपाल सरकारबाट २०७६।४।१ देखि लागु हुने गरी संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलब भत्ता सम्बन्धी व्यवस्था गरेको छ । अर्थ मन्त्रालयबाट प्रकाशित तलबमान सम्बन्धि स्थानीय तहमा कार्यरत कर्मचारीलाई महँगी भत्ता बाहेक थप भत्ताको व्यवस्था रहेको पाईएन । पालिकाले गोश्वारा भौचरबाट स्वास्थ्य सेवातर्फको निम्न कर्मचारीलाई फिल्ड भत्ता बापतको थप रकम भुक्तानी दिएको आधार प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रू.

| क्र.सं. | नाम | पद | श्रेणी/तह | फिल्ड भत्ता | महिना | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | मन्देवी राई | अधिकृत छैठौं | अधिकृत छैठौं | २,८०० | १२ | ३३६०० |
| २ | मन माया थापा मगर | सहायक पाँचौ | सहायक पाँचौ | २,८०० | १२ | ३३६०० |
| ३ | छत्र कुमारी मगर | सहायक पाँचौ | सहायक पाँचौ | २,८०० | १२ | ३३६०० |
| ४ | यशोदा दाहाल (शर्मा) | अ न मी | सहायक पाँचौ | २,८०० | १२ | ३३६०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | दिपक राजभण्डारी | सहायक पाँचौ | सहायक पाँचौ | २,८०० | १२ | ३३६०० |
| ६ | कुमारी तामाङ | अ न मी | सहायक पाँचौ | २,८०० | १२ | ३३६०० |
| **जम्मा** | | | | **१६८००** | **१२** | **२०१६००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०१,६०० |

२५ **नमुना विद्यालय -** सिद्धिचरण नगरपालिका र रुम्जाटार माध्यमिक विद्यालय बीच नमुना विद्यालय संचालन तथा व्यवस्थापनका लागी १६ वटा वुदा उल्लेख गरी सोहि अनुसार कार्य गर्ने गरी सम्झौता भएको छ । विद्यालयलाई रू. ३० लाख निकासा दिएको छ । नमुना विद्यालयले सम्पादन गरेको कार्य सम्झौता अनुसार भए नभएको सम्वन्धमा पालिकाले अनुगमन गरी प्रतिवेदन गरेको छैन । पालिकाले सम्झौता अनुसार कार्य भई विद्यार्थीको शैक्षिक गुणस्तरमा सुधार हुने सुनिश्चितताामा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **अनुगमन कार्यक्रम -** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार पुस्तकालय स्थापना र व्यवस्थापन, आईसिटीको प्रयोग र विज्ञान प्रयोगशाला स्थापनामको लागि अनुदान निकासा गरी त्रैमासिक रुपमा प्रतिवेदन लिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्राप्त गरेको निकासाबाट खरिद गरिएका निम्नानुसार सामानको प्रयोगवाट शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश हुनु पर्दछ ।

| सि.नं. | भौ.नं. मिति | विद्यालयको नाम | खरिद सामाग्री | रकम |
|---|---|---|---|---|
| १ | १५६। ०८०।१।१६ | कुन्ता मा.वि., ज्यामिरे | आईसिटी सामाग्री Educational AvR System Led प्यानल वोर्ड-२, All in one comp-१ | ६५०००० |
| २ | | कुन्ता मा.वि., ज्यामिरे | पुस्तकालय व्यवस्थापनल्यापटप-२,दराज १, लाईवेरी Rack२ वुक र अन्य | ६५०००० |
| ३ | | कडेनी मा.वि. | Digital Video content with lms software 1, interactive board with stand 1, all in one pc 1, printer 1, netowking and electrical wiring 1 | ६५०००० |
| ४ | | विगुटार मा.वि. | विज्ञान प्रयोगशाला सामाग्रीहरु | ६५०००० |
| ५ | | रुम्जाटार मा.वि. | विज्ञान प्रयोगशाला सामाग्रीहरु | ६५०००० |
| ६ | | रुम्जाटार मा.वि. | Digital Video content with lms software 1, interactive board with stand 1, all in one pc 1, printer 1, netowking and electrical wiring 1 | ६५०००० |
| ७ | | कालिका मा.वि. | पुस्तकालय सामाग्री | ६५०००० |
| ८ | | कर्कलादेवी आ.वि. | पुस्तकालय सामाग्री | ६५०००० |
| | **जम्मा** | | | **५२०००००** |

सैद्धान्तिक बेरुजु

२७ **लेखापरीक्षण प्रतिवेदन -** मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार आर्थिक लेखापरीक्षणको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रू.१५,०००।- र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रू.२०,०००।- का दरले निकासा दिन सकिने व्यवस्था छ । लेखापरीक्षणको लागी तपसिलका ५ विद्यालयहरुलाई रू.९०,०००।- निकासा गरेकोमा आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन। कार्यान्वयन पुस्तिका अनुसार लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्ने रू.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | कालिका आ.वि.,रूम्जाटार | १५००० |
| २ | जनचेतन मा.वि.,भोर्ले | २०००० |
| ३ | नारायण स्थान मा.वि., असिने | २०००० |
| ४ | रक्तमाला आ.वि.,आगे | १५००० |
| ५ | हिमालय मा.वि.,निशंखे | २०००० |
| | **जम्मा** | **९००००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९०,००० |

२८ **विद्यालयगत निकासा रजिष्टर -** कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्टर राखी निकासा नियन्त्रण गर्नु पर्दछ । पालिकाले सो निकासा रजिष्टर राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्टर खाता अद्यावधिक गरी राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५२ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । पालिकाले दरबन्दी मिलान गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विभिन्न ५२ विद्यालय | ३२४ | ३२० | ११४ | ५५७३ |

सैद्धान्तिक बेरुजु

३० **दिवा खाजा -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ । पालिकामा रहेका विद्यालयलाई दिवा खाजा वापत निकासा उपलव्ध गराएकोमा विद्यालयले विद्यार्थीलाई नगदै उपलव्ध गराएको भरपाई पेश भएको देखिन्छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं.

२.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ मा उल्लिखित मापदण्ड अनुसार हुने गरी विद्यालयलेनै दिवा खाजा खुवाउने व्यवस्था कार्यान्वयन गर्न पालिकाले पहल गरेको देखिएको छैन । कार्यक्रम कार्यान्वयन पुस्तिका र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका अनुसार विद्यार्थीलाई विद्यालयमा नै दिवा खाजा खुवाउने कार्यक्रम कार्यान्वयन हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **दिवा खाजा अनुदान -** दिवा खाजा अनुदान पालिकाले जन्तरखानी माध्यामिक विद्यालयलाई दिवा खाजा निकासा गरेको रकम मध्ये लेखापरीक्षणको क्रममा ३१ जना घटी विद्यार्थी रहेको हाजिरी पेश भएकोले वढी निकासा असुल गरी सञ्चितकोष दाखिला हुनु पर्ने रू.

| असुल गर्नुपर्ने | ८३,७०० |
|---|---|

३२ **बढी ग्रेड भुक्तानी -** पालिकावाट निम्न शिक्षकलाई राष्ट्रिय कितावखाना (शिक्षक) को पारित तलबी प्रतिवेदनमा उल्लेखित भन्दा १ ग्रेड वढी दरले रू.२०,६७३।- भुक्तानी भएको देखिएको छ । तलबी प्रतिवेदन भन्दा भन्दा बढी ग्रेड भुक्तानी भएको असुल गर्नुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | ग्रेडदर | जम्मा (क.सं. कोष समेत) |
|---|---|---|---|---|
| १ | हिमालय मा.वि.,निशखे | निमावि.द्धि. हिमालकाजि कटवाल | १४५६ | २०६७३ |

| असुल गर्नुपर्ने | २०,६७३ |
|---|---|

३३ **तलबी प्रतिवेदन -** कार्यान्वयन पुस्तिका २०७९।८० को बुँदा नं २(क) मा शिक्षा विकास तथा समन्वय ईकाई मार्फत राष्ट्रिय कितावखाना(शिक्षक) वाट स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई सोही आधारमा तलब निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आफ्नो मातहतको ५२ विद्यालयको स्थायी शिक्षकको तलबी प्रतिवेदन पारित गराई तलब भत्तामा रू.२४,५७,३४,५०३।- खर्च गरेकोमा शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, अन्तर पालिका सरुवा, पालिका भित्र सरुवा, लगायतका विवरण अद्यावधिक गरी राखेको देखिएन । कार्यान्वयन पुस्तिका अनुसार पालिकाले शिक्षक सरुवा, बढुवा, आन्तरिक व्यवस्थापन, नियुक्ति लगायतको विवरण अद्यावधिक गरी निकासा भिडान हुने गरी तलबी प्रतिवेदन पारित गरेर तलब भत्ता खर्च लेख्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३४ **बढी तलब निकासा -** शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, अन्तर पालिका सरुवा, पालिका भित्र सरुवा, लगायतका विवरण अद्यावधिक गरी राख्नु पर्दछ । पालिकावाट अवकास पश्चात निम्नानुसार विद्यालयमा कार्यरत शिक्षकलाई रू.१,१२,८४३।-भुक्तानी भएको छ । अवकाश पश्चातको वढी भुक्तानी असुल गर्नुपर्ने रू.

| विद्यालयको नाम | बढी निकासा | कैफियत |
|---|---|---|
| श्री हिमालय मा.वि., विशखे | २१३२१ | ०७९।१२।१७ मा शिक्षक श्री हिमालकाजी बस्नेत स्वेच्छिक अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट खर्च भुक्तानी |
| जल्पा मा.वि. | २१३२१ | ०७९।१२।१७ मा शिक्षक श्री भुवन धमला स्वेच्छिक अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट भुक्तानी |

| | | |
|---|---|---|
| | १७१४० | ०७९।१२।१७ मा शिक्षक श्री सन्दिप कटुबाल स्वेच्छिक अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट भुक्तानी |
| | १७१४० | ०७९।१२।१७ मा शिक्षक श्री भोलानाथ सुवेदी स्वेच्छिक अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट भुक्तानी |
| रत्न आ.वी., बिगुटक्सार | १५१२४ | ०७९।१२।१७ मा शिक्षक श्री फुछ्यौकी शेर्पा स्वेच्छिक अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट भुक्तानी |
| आदर्श आ.वि., राम्चे | २०७९७ | ०८०।१।१२ मा शिक्षक श्री कुमार प्रसाद निरौला अवकाश भएकोमा तेश्रो त्रैमासिक निकासाबाट भुक्तानी |
| **जम्मा** | **११२८४३** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,८४३ |

३५ **छात्रवृत्ती** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ उपक्रियाकलाप नं. ४.२ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ । पालिकाले भौचर नं १३७।८०।३।१८ बाट भुक्तानी भएको मध्ये चम्पादेवी मा.वि.सल्लेरीबाटरू.१९,६००।-को छात्रवृत्ती वितरण भरपाई नपुग भएकोले असुलउपर गर्नु पर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,६०० |

३६ **दिवा खाजाको भरपाई** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप सि.नं. २.७.११.१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार विद्यालयलेनै दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गर्नु पर्दछ । पालिकाले निम्नानुसार विद्यालयलाई दिवा खाजा अनुदान निकासा दिएकोमा लेखापरीक्षणमा पेश भएको विद्यार्थिलाई नगद वुझाएको भरपाई पेश भएकोमा निम्न लिखित विद्यालयको भर्पाई पेश भएको छैन । खर्च पुष्टिहुने गरी भर्पाई पेश गर्नुपर्ने रू.

| सि. नं. | विद्यालयको नाम | भरपाई बाँकी |
|---|---|---|
| १ | श्री हिमालयन मा.वि., निशखे | ६६३३० |
| २ | श्री रत्न आ.वि., विउटक्सार | ६८८५० |
| ३ | श्री कालिका आ.वि., चुहानछाप | ४०६९५ |
| ४ | श्री कुन्ता मा.वि.,ज्यामिरे | ३७९२० |
| ५ | श्री नेपाल भ्रमण वर्ष नमुना आ.वि., वितलब | ६८७० |
| ६ | श्री रक्तमाला आ.वि.,आगे जोरधारा | ७८१५० |
| ७ | श्री वालमन्दिर आ.वि., ओखदढुङ्गा | २४४८० |
| | **जम्मा** | **३२३२९५** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,२३,२९५ |

३७ **विद्यार्थी निर्वाह खर्च -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा व्यवहारीक अभ्यासको लागि कक्षा ९-१२ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रू.१५,०००।- का दरले निकासा गर्ने र विद्यालयले सोमध्ये निर्वाह खर्चका लागी प्रति विद्यार्थी मासिक रू.१,०००।- का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । श्री रुम्जाटार मा.वि., रुम्जाटरलाई १०१ जनाको रू.१५,०००।- का दरले रू.१५,१५,०००।- निकासा भएको छ । पालिकाले निर्देशिकाले व्यवस्था गरे बमोजिम कार्यक्रम कार्यान्वयन गरेको नगरेको अनुगमन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **विद्यालय सुधार योजना -** विद्यालय सुधार योजना मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रू.१५,०००।- र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रू.२०,०००।- का दरले निकासा दिन सकिने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले प्रगति सूचकमा निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना पेश गर्नुपर्ने उल्लेख छ। यस पालिकामा रहेका २४ विद्यालयले सुधार योजना पेश गरेका छैनन । तपसिलको विद्यालयहरुले विद्यालय सुधार योजना पेश नगरेकोले विद्यालय सुधार योजना पेश गर्नुपर्ने रू.

| सि.नं. | विद्यालयको नाम | रकम |
|---|---|---|
| १ | आदर्श आ.वि., राम्चे | १५००० |
| २ | कालिका आ.वि., धारापानी | १५००० |
| ३ | थानी आ.वि., ठुलढुंगा | १५००० |
| ४ | दुधकोशी आ.वि., तलुवा | १५००० |
| ५ | नवज्योती मा.वि.,मैदाने | २०००० |
| ६ | रेणुका आ.वि., केउरानी ठुलाछाँप | १५००० |
| ७ | वालविकास आ.वि., अँधेरी | १५००० |
| ८ | शारदा आ.वि.,चार्खु | १५००० |
| ९ | शेर्पा सामुदायीक आ.वि., विगुटार | १५००० |
| १० | ससकन्या आ.वि., नाल्सु | १५००० |
| ११ | सिद्दवी आ.वि., देउराली | १५००० |
| | **जम्मा** | **१७००००** |

| प्रमाण पेश नगरेको | १,७०,००० |
|---|---|

३९ **पाठ्यपुस्तक अनुदान -** कार्यान्वयन पुस्तिका, २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ अनुसार शिक्षा अधिकारीवाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS), प्रमाणित सत्यापन, विद्यार्थीले पुस्तक प्राप्त गरेको भरपाई, खरिद विल भरपाई लगायत भएको सुनिश्चितता गरी निकासा भुक्तानी गर्नु पर्दछ । पालिकाले गोश्वार भौचर नं. १०२ र ३२६ वाट

निम्नानुसार विद्यालयलाई पाठ्यपुस्तक वापत निकासा दिएकोमा लेखापरीक्षणका क्रममा पेश भएको पाठ्यपुस्तक खरिद गरेको विल, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को तथ्याङ्क, वितरण गरेको भर्पाई, विद्यार्थी हाजिरी भिडान गर्दा रू.२,३९,४८८।- बढी निकासा गरेको देखिन्छ । बढी निकासा दिएको रकम असुल गर्नु पर्ने रू.

| सि.नं. | विद्यालय | निकासा हुनुपर्ने | निकासा भौ नं. १०२।३२६ | बढी |
|---|---|---|---|---|
| १ | नारायणस्थान माध्यमिक विद्यालय | १०९०१४ | १२५५७९ | १६५६५ |
| २ | राज्यलक्ष्मी माध्यमिक विद्यालय | १३७०४० | १४३८९१ | ६८५१ |
| ३ | कालिका माध्यमिक विद्यालय | ५७३९३ | ६६९१६ | ९५२३ |
| ४ | पुण्यमाता माध्यमिक विद्यालय | ११६६९१ | १३०४२९ | १३७३८ |
| ५ | बिगुटार माध्यमिक विद्यालय | १४४७३३ | १६६२३१ | २१४९८ |
| ६ | नभज्योती माध्यमिक विद्यालय मदाने | १०१५२६ | १३०९८८ | २९४६२ |
| ७ | अन्तरिक्ष युवावर्ष आ. वि. | १६७६४ | १९३६० | २५९६ |
| ८ | चम्पादेवी माध्यमिक विद्यालय | ८१००७ | ८४४३३ | ३४२६ |
| ९ | तिनपिप्ले माध्यमिक विद्यालय | १९५५८ | ३२१४२ | १२५८४ |
| १० | जनचेतन माध्यमिक विद्यालय | ९०४६७ | १०२९६० | १२४९३ |
| ११ | कर्कलादेवी आ. वि. | ३३५७८ | ५०८१३ | १७२३५ |
| १२ | हिमालयन माध्यमिक विद्यालय | १७७४६७ | २४१४५२ | ६३९८५ |
| १३ | अनन्देश्वर आ. वि. | २००९५ | २३८३४ | ३७३९ |
| १४ | श्री रत्नमाला आ. वि. | ६०७८३ | ६६७०९ | ५९२६ |
| १५ | कालिका आ. वि. | ३८९८६ | ४९२११ | १०२२५ |
| १६ | कादेनी माध्यमिक विद्यालय | ११४१८७ | १२३८२९ | ९६४२ |
| | **जम्मा** | **१३१९२८९** | **१५५८७७७** | **२३९४८८** |

| असुल गर्नुपर्ने | २,३९,४८८ |
|---|---|

४० **सामाजिक सुरक्षा कार्यक्रम** - सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान अनुसार सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउनु पर्दछ । नेपाल सरकारबाट पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि प्राप्त रू.१३,५३,८२,०००।- मध्ये रू.१३,५२,४२,६७२।- वितरण गरी रू.१,३९,३२८।- निकासा फिर्ता भएको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि, २०७७ को बुँदा नं. २१ अनुसार लाभग्राहीहरुको भत्ता बैंक मार्फत सम्वन्धितको खातामा दाखिला गरेको विवरण पेश गरेको छ।

सैद्धान्तिक बेरुजु

४१ **श्रेस्ता पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) मा प्रत्येक कार्यालयले सवै प्रकारका आय तथा कारोवारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । कार्यालयवाट पेश भएको चलानी नं. २३१ मिति २०८०।५।१२ को लिखित प्रतिनिधित्व पत्रानुसार आर्थिक वर्ष २०७९।८० को नगरपालिका पुंजीगत तर्फको गोश्वारा भौचर नं. २१७।०७९।१२।२९ को सक्कल श्रेस्ता अनुसन्धान प्रयोजनार्थ अन्य निकायमा पेश भएकोले लेखापरीक्षणको लागि पेश गर्न नसकिएको व्यहोरा उल्लेख भई आएको छ । अनुसन्धान प्रयोजनार्थ अन्य निकायमा पेश भएको सक्कल स्रेस्ता अन्तिम लेखापरीक्षणको लागि पेश नभएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

४२ **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले बैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत भौ.न १०१।०८०।३।२४ मा बासु ईलेक्ट्रोनिक्स सप्लायर्सवाट १७२ थान ईन्फारेट ईलेक्ट्रिक चुलो खरिद गरी रू.९,५२,९४७।- भुक्तानी दिएको छ । खरिद गरीएका १७२ थान चुलो वितरण गर्न बाँकी रहेको छ ।यस्ता सामाग्री वितरण गर्दा लाभग्राही छनौटको आधार समेत तय गर्नुपर्ने देखिन्छ । पालिकाले वितरणमुखी खर्चलाई नियन्त्रण गरी चुलो वितरणको भरपाई पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५२,९४७ |

४३ **आवधिक योजना -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नु पर्ने व्यवस्था छ । पालिकामा २०७५।७६ देखि २०७९।८० सम्मको लागि पञ्चवर्षिय आवधिक योजना कार्यान्वयनमा रहेको देखिन्छ । आवधिक योजनाको अन्तिम वर्ष समाप्त भएकोमा प्राप्त भएका उपलव्धि समावेश गरी अवस्था चित्रण हुने प्रतिवेदन तयार गरेको देखिएन। यस वर्ष तयार गरेको दोस्रो आवधिक योजनामा पहिलो आवधिक योजना कार्यान्वयन गरी प्राप्त भएका उपलव्धिको समिक्षा गरेको देखिएन ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **आर्थिक सहायता -** पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ८९ व्यक्तिहरुलाई रू.९,०८,९००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.१,२४,९४,२८४।०७ को ७.२७ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४५ **कर्मचारी हित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यवस्था अनुसार मासिक तलबबाट कट्टी गरेको पाईएन । कर्मचारी हित कोषमा ऐन कानुन वेगर रू.२,८५,५३४।६८ दाखिला गरेको छ । कर्मचारी हित कोष सम्बन्धमा कानुनको व्यवस्था गरी सञ्चालन हुनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४६ **भ्रमण खर्च अभिलेख -** नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा, खटिएको स्थान, मिति लगायत खुलाई कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई रू.२१,४७,०५०।- भ्रमण खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको देखिदैन। भ्रमण खर्च अभिलेख राखी खर्च व्यवस्थित गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४७ **सहभागी खर्च -** अर्थ मन्त्रालयवाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७७ को ७.१.१५ को ५ मा गोष्ठी, सेमिनार, सम्मेलन, कार्यशाला, तालिम, अध्ययन आबद्धता जस्ता कार्यक्रममा सहभागीको खाजावापत प्रतिव्यक्ति प्रति दिन रू.२००।- मसलन्दवापत प्रति सहभागी रू.५०।- र सार्वजनिक यातायात नचल्ने स्थानमा आतेजाते गरी दुई दिनसम्मको एकमुष्ट रू.२००।- उपलव्ध गराउन सकिने व्यवस्था रहेको छ । कार्यालयले निम्न कार्यक्रमहरुमा सहभागिहरुलाई विविध खर्च वापत रू.१,०००।- को दरमा रकम उपलव्ध गराएको देखिन्छ। यसरी निर्देशिकाले तोकेभन्दा वढी दरमा उपलव्ध गराएको सहभागी खर्च रकम असुल हुनुपर्ने रू.

| गो. भौ./कार्यक्रम | सहभागी | भुक्तानी | पाउने | बढी |
|---|---|---|---|---|
| ६७।२०७९।८।१९/मेलमिलाप कर्ता क्षमता विकास कार्यक्रम | ४० | ४०००० | १८००० | २२००० |
| ९२।२०७९।९।२३/जनप्रतिनिधी र कर्मचारीहरुलाई अभिमुखिकरण कार्यक्रम | ४८ | ४८००० | २१६०० | २६४०० |
| २६०।२०८०।२।२४ निजी पाराभेट तथा ग्रा प स्वा का.हरुसँगको १ दिने अन्तरक्रिया | ४० | ४०००० | १८००० | २२००० |
| **जम्मा** | | | | **७०४००** |

| असुल गर्नुपर्ने | ७०,४०० |
|---|---|

४८ **बढी निकासा -** गोश्वारा भौचर नं. २५८।०८०।२।२४ वाट कार्यालयले पुण्यमाता माध्यामिक विद्यालय, वेतिनीमा कार्यरत शिक्षक नमुना राइलाई २०७९।११।१९ देखि २०८० असार मसान्तसम्मको रू.१,३२,०००।- तलब माग गरेकोमा रू.१,६०,०००।- निकासा भुक्तानी र श्री विगुटार माध्यामिक विद्यालय, सि.न.पा. ७ मा कार्यरत शिक्षक श्री गणेश दाहाललाई मासिक तलब र प्राविधिक धारका विद्यालयमा उपलव्ध गराउने भत्ता रू.४,८१,४९०।- को भरपाई पेश भएकोमा रू.५ लाख निकासा भुक्तानी गरेको छ । माग गरेको भन्दा वढी भुक्तानी गरेको र भरपाई भन्दा वढी भुक्तानी गरेको समेत असुल गर्नु पर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | बढी भुक्तानी |
|---|---|---|
| १ | पुण्यमाता माध्यामिक विद्यालय, वेतिनी | २८०००.०० |
| २ | विगुटार माध्यामिक विद्यालय, सि.न.पा. ७ | १८५१०.०० |
| | **जम्मा** | **४६५१०.००** |

| असुल गर्नुपर्ने | ४६,५१० |
|---|---|

४९ **अनुगमन प्रतिवेदन -** स्थानीय सरकार संचालन ऐन २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन २०७५ र संशोधन २०७६ मा पदाधिकारीले स्थानीय तहमा अनुगमन गरे मासिक सुविधा वापत अनुगमन खर्च मासिक अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्न सक्ने व्यवस्था रहेको छ । तर अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष र कार्यपालिका सदस्य समेत २२ जनालाई अनुगमन गरे बापतको अनुगमन भत्ता बापत वार्षिक रू.११,०४,०००।- अनुगमन भत्ता लिएपनि ऐनको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन पेश गर्ने गरेको देखिएन । अनुगमन प्रतिवेदन पेश गरपछि मात्र भत्ता दिने व्यवस्था हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **कार्यपत्र वेगरको प्रशिक्षण भत्ता -** प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधी र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद सात दफा ६ मा तालिम गोष्ठी तथा सेमिनार सञ्चालन मापदण्ड सम्वन्धमा कार्यपत्र पेश भएमा मात्र कार्यक्रम कार्यपत्र वापतको रकम लिन सकिने व्यवसथा रहेको छ । कार्यलयले कार्यपत्र विना नै कार्यपत्र प्रशिक्षण भत्ता वापतको भुक्तानी गरेको रकम खर्च लेखेको छ उक्त कार्यक्रमहरुमा प्रशिक्षण भएका कार्यपत्र प्रमाण पेश हुनुपर्ने रू.

| गौ.भौ. र मिति | कार्यक्रम | कार्यक्रम विवरण | पारिश्रमिक | खुद भुक्तानी |
|---|---|---|---|---|
| १०३।०७९।९।३० | कानुनी शिक्षा समवन्धी सचेतना कार्यक्रम हिमालयन मा. वि. | २ जनालाई ४ कार्यपत्रको | ४००० | ३६०० |
| १०३।०७९।९।३० | कानुनी शिक्षा समवन्धी सचेतना कार्यक्रम रत्न लक्ष्मी मा. वि. | २ जनालाई ४ कार्यपत्रको | ४००० | ३६०० |
| **जम्मा** | | | | **७२००** |

| प्रमाण पेश नगरेको | ७,२०० |
|---|---|

५१ **पदाधिकारी सुविधा -** कोशी प्रदेशको लागी स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची - १(क) बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले ६३ जना पदाधिकारीहरुलाई २०७९।८० मा रू.१,०८,०६,०००।- भुक्तानी दिएको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

५२ **सोधभर्ना -** मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका विरामीलाई औषधी उपचार वापत खर्च उपलव्ध गराउने सम्वन्धी कार्यविधि, २०७८ को दफा ५ अनुसार स्थानीय तहबाट उपलव्ध गराएको औषधी उपचार वापतको खर्चको अनुसूची ३ अनुसारको ढाँचामा भएको भुक्तानी रकम विवरण पेश गरेको आधारमा अर्धवार्षिक रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाह पथले शोधभर्ना गर्ने उल्लेख छ। कार्यालयले यस वर्ष निम्नानुसार रू.२२,९०,०००।- औषधी उपचार सहायता भुक्तानी गरेकोमा मन्त्रालयवाट रू.९,६०,०००।- मात्र सोधभर्ना प्राप्त गरेको छ । प्राप्त हुन वाँकी सोधभर्ना समयमै प्राप्त गर्ने पर्ने रू.

| खर्च शीर्षक | भौचर नं. | बिरामी संख्या | खर्च रकम |
|---|---|---|---|
| संघीय हस्तान्तरण चालु | ३०८।०८०।३।१० | ५१ जना | १३४५०००.०० |

| | | | |
|---|---|---|---|
| विविध खाता (औषधी उपचार सहायता) | २।०७९।८।१५ | २६ जना | ३९००००.०० |
| | ३।०७९।११।१७ | १ जना | (१५०००.००) |
| | ५।०७९।११।१५ | ३७ जना | ५५५०००.०० |
| | ६।०७९।११।२६ | १ जना | १५०००.०० |
| जम्मा | | | २२९००००.०० |
| शसर्त अनुदान सोधभर्ना प्राप्त | | | (९६००००.००) |
| **सोधभर्ना लिन बाँकी** | | | **१३,३०,०००.००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३०,००० |

५३ **खेलकुद समिती -** पालिकाले निम्नानुसार खेलकुद कार्यक्रम सञ्चालनका लागि पालिका र वडा स्तरमा स्थायी सँयन्त्र विकास गरेर कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेमा बजेटमा व्यवस्था भएका खेलकुद कार्यक्रमहरु उपभोक्ता समिती मार्फत सञ्चालन भएको छ । उपभोक्ता समिती गठन गरी कार्यक्रम सञ्चालन हुँदा खेलकुदको दीर्घकालीन रुपमा विकास हुन सक्ने देखिदैन । खेलकुदको विकास गर्नको लागि स्थायी संयन्त्र मार्फत कार्यक्रम गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदेखिएको रू.

| गो.भौ./कार्यक्रम विवरण | रकम |
|---|---|
| १००।२०७९।९।३०/ खेलकुद कार्यक्रम वडा न ४ रुम्जाटार | ९६००० |
| १४५।२०७९।११।१५/खेलकुद कार्यक्रम वडा न ८ लगलगे | २८८००० |
| १७६।२०७९।१२।०३/महिला फुटवल कार्यक्रम वडा न १ तलुवा | ३००००० |
| १९९।२०७९।१२।२९/खुल्ला भलिवल वडा न १ तलुवा कार्यक्रम | ३८४००० |
| **जम्मा** | **१०६८०००** |

| | |
|---|---|
| अनियमित भएको | १०,६८,००० |

५४ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत ससर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार प्रधानाध्यापक भत्ता तथा स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयमा गत विगतदेखि नै कार्यरत शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रू.३२,०८,०००।- तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक दरबन्दी सम्वन्धमा O&M गरी स्वीकृत भए अनुसार खर्च भुक्तानी हुनु पर्नेमा विकास निर्माणको लागि विनियोजन भएको वित्तीय समानिकरणको अनुदानवाट तलब खर्च लेख्नु उचित तथा नियमसम्मत देखिएन ।

| भौ. नं./मिति | विवरण | विद्यालय संख्या | निकासा रकम |
|---|---|---|---|
| १२१।०७९।११।२ | निजि स्रोतको २ शिक्षक | २ | २४३०००.०० |

| | | | |
|---|---|---|---|
| १२९।०७९।११।४ | निजि स्रोतको १ शिक्षक र १ कम्प्यूटर अपरेटर | १ | ६५००००.०० |
| १५१।०७९।११।१९ | बालविकास १ शिक्षक | १ | १३००००.०० |
| २५८।०८०।२।१६ | निजि स्रोतको १० शिक्षक | ९ | १५६००००. |
| ३३९।०८०।३।२० | आधारभुत बालविकास सहजकर्ता २ जना | २ | २२५०००.०० |
| १८९।०७९।१२।२० | ३ महिनाको प्रधानाध्यापक भत्ता थप | ५० | २०८५००.०० |
| २८९।०८०।३।११ | ३ महिनाको प्रधानाध्यापक भत्ता थप | ४९ | १९१५००.०० |
| | **जम्मा** | | **३२,०८,०००.००** |

| सैद्धान्तिक बेरुजु |
|---|

५५ **बिल भर्पाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९.५ मा खर्च गर्दा बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले भौ न ३८२।०८०।३।१७ मा देशपोष्ट मिडिया प्रालि भक्तपुरलाई अनलाईन सूचना प्रकाशन वापत रू.२०,०००।- भुक्तानी दिएकोमा सक्कल बिल पेश हुनुपर्ने रू.

| प्रमाण पेश नगरेको | २०,००० |
|---|---|

५६ **खरिदमा कार्यमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ (२) बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू. १० लाख सम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. १० लाख भन्दा माथि रू. २० लाख सम्म सिलबन्दी दरभाउ पत्रबाट र सो भन्दा माथि वोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले यो वर्ष मसलन्द तथा कार्यालय सामाग्री खरिदमा रू.४१,८०,६३०।- खर्च गरेको मध्ये रू.९,३८,८२५।- मात्र बोलपत्रको माध्यमबाट ईन्द्रेणी ट्रेड लिंक मार्फत खरिद गरेको छ । पालिकाले पटक पटक खरिद नगरी खरिद योजना तयार गरी प्रतिष्पर्धा गराई बोलपत्रको माध्यमबाट मितव्ययी ढंगवाट खरिद कार्य गर्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

५७ **जिन्सी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• नेपालको सरकारी लेखा फारमहरु, २०७६ अनुसार जिन्सी सामानको विस्तृत विवरण (स्पेशिफिकेशन) खुलाई खर्च भएर नजाने जिन्सी खाता मलेप फारम ४०८, जिन्सी सहायक खाता म.ले.प. फारम ४१२ लगायत म.ले.प. फारमहरु राखी अद्यावधिक गर्नु पर्दछ । जिन्सी खाता परीक्षण गर्दा ल्यापटप, प्रिन्टर, डेस्कटप लगायत जिन्सी सामानको आम्दानी वाधेको र जिन्सी सहायक खाता राखेकोमा विस्तृत स्पेशिफिकेशन खुलेको देखिदैन । नेपालको सरकारी लेखा फारामहरु, २०७६ मा तोकिएका जिन्सी सम्वन्धि आवश्यक म.ले.प. फारमहरुको व्यवस्थित रुपमा प्रयोग गरी विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टी गरी अद्यावधिक गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

| सैद्धान्तिक बेरुजु |
|---|

५८ **ननफाईलर -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम बिक्रेताले संकलन गरेको मू.अ.कर पछिल्लो महिनाको २५ गते सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण कार्य वापत भुक्तानी दिएकोमा प्यान सर्च गर्दा २०७९ देखि श्रावण देखि उक्त बिक्रेता ननफाईलर देखिएकोले मू.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने रू.

| भौ.नं. र मिति | बिक्रेता/ प्यान नं. | बिल रकम | मू.अ.कर रकम | ७०% रकम |
|---|---|---|---|---|
| १२।०७९।६।१२ | श्याम सुन्दर।नेपाल।फुलवारी जेभी ६१६०४१०८८ | ४८८६५८९ | ५६२१७४.० | ३९३५२१.८ |
| २०।०७९।१०।१ | | ८५०००० | ९७७८७.६ | ६८४५१.३ |
| ७६।०७९।१०।१ | | ५९४१००५ | ६८३४७८.५ | ४७८४३४.९ |
| १०३।०८०।३।२४ | | १४४३४६२ | १६६०६२.० | ११६२४३.४ |
| **जम्मा** | | | | **१०५६६५१.४** |

| प्रमाण पेश नगरेको | १०,५६,६५१.४ |
|---|---|

५९ **झोलुङ्गे पुल -** झोलुङ्गे पुल रक्तेपू खोला झोलुङ्गे पुल निर्माणको लागि २०७८।११।८ मा ८ महिना भित्र पुल निर्माण सम्पन्न गर्ने गरी रू.५,८३,३६६।- पेस्की भुक्तानी भएको देखिन्छ । पालिकाले पुलमा लाग्ने सामानहरु खरिदको लागि २०७८।१२।१० मा सम्झौता गरेकोमा म्याद २०७९।७।१५ सम्म थप भई गोश्वारा भौचर ६।०७९।७।२३ वाट २०७९।७।११ मा उपभोक्ता समितिलाई सामान हस्तान्तरण गरी एस.के. ईन्जिनियरिङ्ग इण्डस्ट्रिजलाई रू.१९,८७,३०७।- भुक्तानी गरेको छ। पुलको सामान हस्तान्तरण भएको ९ महिना अवधि भएको र उपभोक्ता समितिको निर्माण म्याद समेत समाप्त भै सकेको अवस्थामा लेखापरीक्षण अवधिसम्म समेत निर्माण कार्य सम्पन्न नभएको रू.

| अनियमित भएको | १९,८७,३०७ |
|---|---|

६० **नवप्रवर्तन साझेदारी कोष**

६०.१ नवप्रवर्तन साझेदारी कोष प्रविधिको माध्यमवाट प्रभावकारी सेवा प्रवाह गरी सुशासन, आर्थिक विकास र पारदर्शिताको प्रत्याभुति दिलाउन मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर र सिद्धिचरण नगरपालिका विच नवप्रवर्तन साझेदारी कोष सञ्चालन गर्न २०७९।२।११ मा भएको सम्झौता अनुसार २०८०।२।१५ सम्म कार्यक्रम सञ्चालन गरिसक्नु पर्नेमा कार्यसम्पन्न नभएको हुँदा २०८० असार मसान्तसम्म म्याद थप भई सम्पन्न भएको देखिन्छ । कोषवाट सञ्चालित परामर्श सेवा लगायत क्रियाकलाप कार्यान्वयनको लागि लागत अनुमान तयार गर्दा आधार नलिई बजेटकै हाराहारीमा लागत अनुमान तयार गरी कार्यन्वयन गरेको मनासिव देखिएन । कोषवाट सञ्चालन हुने कार्यक्रममा सेवा प्रवाहमा संस्थागत क्षमता विकास, सेवा प्रवाहका लागि सक्षम जनशक्ति तयार र सेवा प्रवाहका लागि विद्युतिय प्रणालि प्रयोग हुने अपेक्षित प्रतिफल र छिटो छरितो प्रविधि मैत्री सेवा प्रवाह भएको हुने उल्लेख छ । क्षमता विकास, सफटवेयर, सर्भर लगायतमा

वार्षिक रुपमा दायित्व सृजना हुने सेवासँग सम्वन्धित सूचना प्रणाली व्यवस्थापनमा एकरुपमा कायम हुने र कुशल रुपमा बजेट तथा खर्च व्यवस्थापन गर्नेतर्फ संघीय र प्रदेश सरकारले उपयुक्त विकल्प पहिचान गर्नु पर्दछ । अपेक्षित प्रतिफल समेत निर्धारण गरी कार्यान्वयन भएको उल्लेख गरेको परीयोजनाको बजेट तथा खर्च सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | कुल बजेट रकम | | खर्च | |
|---|---|---|---|---|---|
| | | नवप्रवर्तन कोष | नगरपालिका | नवप्रवर्तन कोष | नगरपालिका |
| १ | संस्थागत क्षमता विकास | ९३८०००० | २८६०००० | ८१६३६६८ | २१९७२५० |
| २ | कर्मचारी क्षमता विकास | ८२०००० | ४८०००० | ८१२५१० | ४८०००० |
| ३ | सेवा प्रवाहका लागि विद्युतिय प्रणाली खरिद | ४७९५००० | ३२६०००० | ४२८९३५० | १८८९५६३ |
| ४ | अनुगमन मुल्याङ्कन | ० | ६६०००० | ० | २२०५०० |
| | **जम्मा** | **१४९९५०००** | **७२६००००** | **१३२६५५२८** | **४७८७३१३** |

क्षमता विकास, सफ्टवेयर, सर्भर लगायतमा वार्षिक रुपमा दायित्व सृजना हुने सेवासँग सम्वन्धित सूचना प्रणाली व्यवस्थापनमा एकरुपमा कायम हुने र कुशल रुपमा बजेट तथा खर्च व्यवस्थापन गर्ने तर्फ संघीय र प्रदेश सरकारले उपयुक्त विकल्प पहिचान गर्नु पर्दछ । अपेक्षित प्रतिफल समेत निर्धारण गरी कार्यान्वयन भएको उल्लेख गरेको परीयोजनाको बजेट तथा खर्च सम्वन्धमा देखिएका थप व्यहोरा निम्नानुसार रहेको छ ।

सैद्धान्तिक बेरुजु

६०.२ बजेट तथा खर्च व्यवस्थापन प्रदेशबाट प्राप्त भएको बजेटलाई सूचना प्रणालीको लागि परामर्श, प्रणाली विकास तथा कर्मचारी अनुशिक्षण गरी ३ चरणमा विभाजन गरी सोही अनुसार परामर्शमा(विद्युतीय हाजिर उपकरण वाहेक) समावेश गरी परामर्श दातावाट खर्च गरेको देखिन्छ । प्राप्त भएको बजेट अनुसार लागत अनुमान तयार गरी आर्थिक वर्षको चौथो त्रैमासिकको अन्त्यमा खर्च गरेको देखिन्छ । बजेटकै हाराहारीमा लागत अनुमान तयार गरी सोही अनुसार खर्च भएकोले लागत अनुमान यथार्थ परक भएको यकिन हुन सकेन । यथार्थपरक लागत अनुमान तयार गरी परामर्श सेवा खरिद हुने गरी स्थापना गरिएको सूचना प्रणाली शोर्ष कोड प्राप्त गरी जिन्सी दाखिला गर्नु पर्ने र प्राप्त भएको सफ्टवेयर प्रयोग हुने सुनिश्चितता हुनु पर्दछ ।

| क्र.सं. | विवरण | परामर्शदाता | बजेट | खर्च रकम |
|---|---|---|---|---|
| १ | वस्ती बिकास तथा घर नक्शा पासका लागि सूचना व्यवस्थापन प्रणाली परामर्श सेवा | सिंह टेक इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि | १५०००० | १,४४,९९९ |
| २ | वस्ती बिकास तथा घर नक्शा पासका लागि विद्युतिय प्रणाली विकास, अनुशिक्षण तथा सूचना संकलन | साइन्टेक नेपाल प्रा.लि. | ८००००० | ८००००० |
| ३ | विद्युतीय हाजिर तथा जनशक्ति सूचना व्यवस्थापन प्रणाली विकास, उपकरण अनुशिक्षण र सूचना संकलन | विनोद इलेक्ट्रिकल सेन्टर र जरा टेक प्रा.लि | २४८०००० | ११६९५६३ |

| | | | | |
|---|---|---|---|---|
| ४ | विद्यालय सूचना व्यवस्थापन प्रणाली विकास, सूचना संकलन र अनुशिक्षण | जरा ग्रुप अफ कम्पनी प्रा.लि. | ८६०००० | ४६०००० |
| ५ | व्यवसाय दर्ता प्रणाली विकास, सूचना संकलन र अनुशिक्षण | एपेक्स टेक्नोलोजी प्रा.लि. | ४७०००० | ४६३००० |
| ६ | व्यावसाय दर्ता, कृषि तथा पशु सेवा, कागजात व्यवस्थापन, मोवाइल एप, योजना तथा समाजिक विकास, न्यायिक समिति, विद्यालय सूचना, स्वास्थ्य सेवा सूचनाको व्यवस्थापन प्रणाली परामर्श र संस्थागत क्षमता विकास र उजुरी गुनासो संकलन तथा सूचना प्रणाली कर्मचारी अनुशिक्षण | सिंह टेक इन्जिनियरिङ्ग कन्सल्टयान्ट प्रा.लि. | ८५०००० | ८५०००० |
| ७ | योजना तथा सामाजिक बिकास सूचना व्यवस्थापन प्रणाली विकास, कर्मचारी अनुशीक्षण तथा सूचना संकलन | नक्सा प्रा. लि. | ४४०००० | ४४०००० |
| ८ | डिजिटल नगर प्रोफाईल सूचना व्यवस्थापन प्रणाली विकास, अनुशीक्षण र तथ्यांक संकलन | सेल एप प्रा.लि. | १७०२४०० | १७०२४०० |

सैद्धान्तिक बेरुजु

६०.३ **ल्यापटप तथा प्रिन्टर खरिद** - ल्यापटप तथा प्रिन्टर खरिद गर्नको लागि रू.४१,५०,०००।- बजेट मध्ये रू.३५,५८,३३२।-को लागत अनुमान तयार गरी वोलपत्र विधिवाट घटी कवोल कर्ता एलीना इन्फोटेक प्रा. लि. (६०९७३५८३३) लाई गोश्वारा भौचर नं. ३९।०८०।३।२२ बाट रू.२८,६२,२९०।- भुक्तानी भएको छ ।

सैद्धान्तिक बेरुजु

६०.४ सर्भर व्यवस्थापन सर्भर व्यवस्थापनको लागि विनियोजन भएको रू.२० लाख मध्ये रू.१९,९३,८३९.९२ लागत अनुमान तयार गरी वोलपत्र विधिबाट घटी कवोलकर्ता यस. यस. इन्टरप्राइजेज (१००३५४२२१)सँग २०८०।३।२१ मा सम्झौता गरी गोश्वारा भौचर नं. ४४।०८०।३।२४ बाट रू.१५,२४,९३५।- भुक्तानी भएको छ । सवै सरकारी डाटाहरु सरकारी एकीकृत डाटा केन्द्रको रुपमा रहेको राष्ट्रिय सूचना प्रविधि केन्द्र मार्फत व्यवस्थापन हुने गरी कार्यक्रम निर्धारण गरी मितव्ययी र सेवामा एकरुपता हुन सक्ने अवस्थालाई ध्यान दिनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६०.५ वैकल्पिक उर्जा व्यवस्थापन यस कार्यक्रममा रू. १५ लाख बजेट रहेकोमा रू.१४,९९,७३६।- को लागत अनुमान तयार गरी शिलवन्दी दरभाउपत्रको माध्यमवाट २०८०।२।६ को सम्झौता अनुसार कार्यालय तथा मातहतको लागि २४ थान व्याट्रि र १२ थान इन्भटर ओमिक इनर्जि एण्ड कन्स्ट्रक्सन प्रा.लि, काठमाडौंसँग खरिद गरेको छ।

सैद्धान्तिक बेरुजु

६०.६ शैक्षिक शिकाइ किट गोश्वार भौचर नं. ५२।०८०।३।२४ वाट रू.९,९०,४४५।- मा बिकल्प इनिसिएसन एण्ड इनोभेसन प्रा.लि.वाट शैक्षिक शिकाइ किट खरिद भएकोमा कार्यालयमै रहेको देखिन्छ। परियोजनाको उद्देश्य अनुसार सम्वन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयमा जिन्सी खातामा आम्दानी वाँधेको प्रमाण पेश हुनु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,९०,४४५ |

६१ **बिउ पुंजी -** गोश्वारा भौचर नं. ४०८।०८०।३।१९ वाट तलुवा महिला वहुउद्देश्यिय सहकारी संस्था लिमिटेडलाई बिउ पुंजी वापत रू.५ लाख भुक्तानी गरेको छ । कार्यविधि अनुसार कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकावाट अनुगमन हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६२ **व्याकहो लोडर -** आर्थिक वर्ष २०७९।८० मा व्याकहो लोडर खरिद गर्नको लागि रू. ५० लाख बजेट मध्ये गोश्वारा भौचर ३२१।०८०।२।२४ वाट वोलपत्र खरिद विधिवाट रू.४५,४४,०००।- मा एम.ए.डब्ल्यू.अर्थ मुभर्स प्रा.लि.सँग खरिद गरेको छ । पालिकाले व्याकहो लोडर सञ्चालन सम्वन्धमा कार्यविधि वनाई सेवा प्रवाह गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **विडवण्ड -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(५) अनुसार तोकिएको अवधिभित्र कार्यसम्पादन जमानत दाखिला गरी वोलपत्रदाता सम्झौता गर्न नआएमा निजको वोलपत्रको जमानत रकम जफत गरी दफा ६३(१ख) अनुसार कालोसुचिमा राख्ने व्यवस्था छ । लागत अनुमान रू.३०,९१,६३८।५८ भएको मिलनचोक-खाद्यगोदाम-जिल्ला प्रशासन - हुलाक डाँडा - साल्मे खोरिया-कृष्ण मन्दिर-रमाईलोडाँडा जाने सडक स्तरोन्नती ठेक्का नं. १६/०७९/८० को कार्य पहिलो न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही वोलपत्रदाता श्री एल.एन.वि. कन्स्ट्रक्सन प्रा.ली., उदयपुरले रू.१६,६६,८२४।७२ मा कवोल गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा ५(३) को अवधिभित्र कार्यसम्पादन जमानत सहित सम्झौता गरेको देखिएन । म्यादभित्र सम्झौता गर्न नआएकोले दोस्रो घटी कवोल गर्ने वोलपत्रदाता श्री शाक्य निर्माण सेवा प्रा.लि., ओखलढुङ्गासँग मिति २०८०।२।२३ मा रू.१७,५८,४२०।- मा निर्माण सम्झौता भएको छ । ऐन अनुसार विडवण्ड रू.७८,०००।- असुल गरेको छ। सम्झौता गर्न नआउने निर्माण व्यवसायीलाई नियमानुसार आवश्यक कारवाही गर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ **कार्यसम्पादन जमानत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार प्रगति कम हुनुका प्रमुख कारणहरु पहिचान हुने गरी भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गरी सुधार गर्नु पर्ने व्यवस्था छ । पालिकाले २०७९।३।२० सम्म सम्पन्न गरिसक्ने गरी २०७९।१।१९ मा गरेका रू. १७,२६,४०७।- का निम्न २ योजनाको सम्झौताको म्याद २०७९ पौष मसान्तसम्म थप गरेकोमा कार्यान्वयन गराएको छैन । पालिकाले निर्माण सम्झौता कार्यान्वयन गराउनु पर्दछ।

| ठेक्का नं. र काम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|
| २४।७८।७९ बेसारे भिर सडक मर्मत | के यस ज्यातिना कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रालि | ६८२०२५.६३ | १०२४००.०० |

| | | | |
|---|---|---|---|
| २३।०७८।७९ वडा न २ को विभिन्न सडक निर्माण | के यस ज्यातिना कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रालि | १०४४३८१.३० | १५६७००.० |
| **जम्मा** | | **१७२६४०७.००** | **२५९१००** |

सैद्धान्तिक बेरुजु

**६५ संघीय सरकारबाट प्राप्त समपुरक अनुदान**

६५.१ संघीय सरकारबाट प्राप्त समपुरक अनुदान समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुँदा ६ अनुसार प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशत रकम अनुदान प्रदान गर्न सक्ने उल्लेख छ । संघीय समपूरक अनुदानमा निम्नानुसार अनदान प्राप्त भएकोमा देखिएका व्यहोरा निम्न छन् ।

| क्र.सं. | कार्यक्रमको नाम | कन्टिन्जेन्सी वाहेक लागत अनुमान | संघीय समपूरक अनुदान | नगरपालिका साझेदारी |
|---|---|---|---|---|
| १ | वडा न ५,७,११ र १२ वडा कार्यालय भवन निर्माण | १३५२०००१९.८६ | ७०००००० | ७०००००० |
| २ | ठाडे पाल्ले मैदाने सडक स्तरोन्ती | ९६५६९८१.४४ | ५०००००० | ५०००००० |
| | **जम्मा** | **१४४८५७००१.३०** | **१२००००००** | **१२००००००** |

सैद्धान्तिक बेरुजु

६५.२ वडा कार्यालय भवन निर्माण वडा नं. ५, ७, ११ र १२ को भवनको जग, पिल्लर र ढलान कार्यको लागि २०७८।१२।८ मा नायक कन्स्ट्रक्सन, धनुषासँग रू.१,१७,३०,५६३।५० मा सम्झौता भई २०७९।१२।२४ मा कार्य सम्पन्न भै रू.१,०८,८५,२१२।४७ भुक्तानी भएको छ । बाँकी रहेको ४ वटा वडा कार्यालयको भवन निर्माणको लागि संघीय समपुरकतर्फ रू. ७०,००,०००।- र नगरपालिका पुँजीगततर्फ रू.१,१२,८०,१७७।- समेत कुल रू.१,८२,८०,१७७।- विनियोजन भएको देखियो । चार वटा वडा कार्यालय भवन निर्माण गर्न विनियोजन भएको बजेटवाट वडा नं. ५, ७ र ११ को ३ भवन निर्माण गर्न रू.१,३५,२०,०१९।८६ लागत अनुमान तयार गरी विद्युतिय माध्यमबाट वोलपत्र आह्वान गरी श्रेष्ठ विल्डर्स, ओखलढुङ्गासँग २०८०।३।२० सम्म सम्पन्न गर्ने गरी रू.९८,२३,२५८।८१ मा निर्माण सम्झौता भएकोमा आर्थिक वर्षको अन्त्यसम्म रू.३५,३४,८७०।०७ भुक्तानी भएको छ । संघीय समपुरक र नगरपालिका पुँजीगतबाट ४ भवन वनाउन विनियोजित बजेटबाट ५, ७, र ११ नं. गरी ३ वडा कार्यालयको लागत अनुमान तयार गरी निर्माण सम्झौता भएको र १२ नं. वडा कार्यालयको निर्माण कार्य अधुरो राख्ने कार्यले बजेटको सदुपयोग हुन सकेको देखिदैन । वडा नं. १२ को भवनको जग, पिल्लर र ढलान कार्य मात्रको लागि २०७८।१२।८ मा भएको सम्झौता अनुसार रू.२७,७८,७४५।- खर्च भई निम्नानुसार अधुरो अवस्थामा रहेको छ । बजेटको समुचित प्रयोग हुने सुनिश्चितता सहित नगरपालिकाको भवनवाट ३ किलोमिटर भित्र रहेको वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाह हुनु पर्दछ।



| सैद्धान्तिक बेरुजु |
|---|

६५.३ वडा नं. ५, ७, ११ र १२ को भवनको जग, पिल्लर र ढलान कार्यको लागि २०७८।१२।८ मा नायक कन्स्ट्रक्सन, धनुषासँग रू.१,१७,३०,५६३।५० मा सम्झौता भई २०७९।१२।२४ मा कार्य सम्पन्न भै रू.१,०८,८५,२१२।४७ भुक्तानी भएको छ । निर्माण कार्यको म्याद २०७९।९।२४ सम्म थप भएकोमा गो.भौ.नं. ९९।०८०।३।२४ वाट रू. २७,११,४८५।- भुक्तानी दिदा कार्यसम्पन्न २०७९।१२।२५ मा भएको उल्लेख भएकोमा ६१ दिनको पुर्वनिर्धारित क्षतिपुर्ति रू.३,१६,६२२।- असुल गर्नु पर्नेमा रू.१,२२,४८०।- मात्र कट्टी गरेको देखिएकोले नपुग असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | १,९४,१४२ |
|---|---|

६५.४ वढी भुक्तानी वडा नं. ५, ७, ११ र १२ को भवनको जग, पिल्लर र ढलान कार्यको लागि २०७८।१२।८ मा नायक कन्स्ट्रक्सन, धनुषासँग रू.१,१७,३०,५६३।५० मा सम्झौता भई २०७९।१२।२४ मा रू. १,०८,८५,२१२।४७ को कार्य सम्पन्न भएको छ । अन्तिम बिल सम्मको निर्माण कार्य भन्दा निम्नानुसार बढी भक्तानी भएको असुल गर्नु पर्ने रू.

| क्र.सं. | भुक्तानी विवरण | गोश्वारा भौचर | पेस्की भुक्तानी र फस्यौंट | विल भुक्तानी |
|---|---|---|---|---|
| १ | पेस्की भुक्तानी | ५९।०७९।२।४ संघ | २३४६१०० | ० |
| २ | पहिलो विल | ९।०७९।६।१२ पालिका | ० | २८२८०५७ |
| ३ | दोस्रो विल | ६८।०७९।९।३० संघ | (१५०००००) | ५६२१२३८ |
| ४ | पेस्की भुक्तानी | १६।०७९।९।३० संघ | | |
| ५ | तेस्रो तथा अन्तिम विल | ९९।०८०।३।२४ पालिका | (८४६१००) | २७११४८५ |
| कुल भुक्तानी | | | ० | ११११६०७८० |
| तेस्रो तथा अन्तिम बिलसम्मको कार्य | | | ० | १०८८५२१२ |
| **बढी भुक्तानी** | | | | **२७५५६८** |

| असुल गर्नुपर्ने | २,७५,५६८ |
|---|---|

६५.५ लागत साझेदारी भुक्तानी संघीय समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को बुँदा ६ अनुसार स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म लागत साझेदारीमा आयोजना कार्यान्वयन गर्न सक्ने उल्लेख छ । संघीय समपुरकवाट प्राप्त बजेट र पालिकाको बजेटबाट वडा कार्यालयहरु भवन निर्माण भएकोमा भुक्तानी निम्नानुसार रहेको छ । समपूरक अनुदानमा सञ्चालित योजनाहरुको भुक्तानी अभिलेख राखी कार्यविधि अनुसार पालिकाको योगदान भुक्तानी भएको सुनिश्चित हुने अभिलेख राख्नु पर्दछ। यस वर्षको ठेक्का नं.१७।०७९।८० बाट बाँकी कार्यको भुक्तानी हुँदा कार्यविधि अनुसार साझेदारी कायम हुनु पर्दछ ।

| क.सं. | ठेक्का नं. र कामको विवरण | सम्झौता मिति | भुक्तानी रू. | |
|---|---|---|---|---|
| | | | संघतर्फ | स्थानीय तहतर्फ |
| **१** | **४ वटा वडा कार्यालय भवनको जग, पिल्लर र ढलान कार्य १४।०७८।७९ भुक्तानी** | **०७८।१२।८** | **४२११४८५** | **७४११३५२** |
| क. | आर्थिक वर्ष २०७८।७९ को पेस्की | - | २३४६१०० | - |
| | आर्थिक वर्ष २०७९।८० मा भुक्तानी | - | - | - |
| ख. | प्रथम रनिङ्ग विल | ९।०७९।६।१२ | - | २८२८०५७ |
| ग. | दोस्रो रनिङ्ग विल पेस्की कट्टा पछी | ६८।०७९।९।३० | - | ४१२१२३८ |
| घ. | तेस्रो तथा अन्तिम रनिङ्ग विल पेस्की कट्टा पछी | ९९।०८०।३।२४ | १८६५३८५ | - |
| ङ. | कन्टिन्जेन्सी | १०।०७९।६।१२ | - | ४६२०५७ |
| **२** | **१७।०७९।८० वाट वाँकी कार्य ३ वडा कार्यालय भवन मात्रको भुक्तानी पेस्की समेत** | - | **५०६१६३२** | - |
| क. | पेस्की पहिलो किस्ता | ४९।०८०।२।७ | ७००००० | - |
| ख. | पेस्की दोस्रो किस्ता | ६७।०८०।३।२३ | १०००००० | - |
| ग. | पहिलो रनिङ्ग विल पेस्की रू. ४०१५४३ कट्टा | ९६।०८०।३।२ | ३१३३३२५ | - |
| घ. | सूचना प्रशासन | २७।०७९।११।२८ | ७७८०० | |
| ङ. | कन्टिन्जेन्सी | १०४।३।२४ | १५०५०७ | |
| | **कुल भुक्तानी (१ र २ को जोड)** | | **९२७३११७** | **७४११३५२** |
| | **भुक्तानी साझेदारी प्रतिशत** | | **५६%** | **४४%** |

सैद्धान्तिक बेरुजु

६५.६ ठाडे पात्ले मैदाने सडक स्तरोन्ती लागत अनुमान रू.९६,५६,९८१।४४ भएको सडक ठाडे पात्ले मैदाने सडक स्तरोन्तीको लागि २०८०।१२।६ मा २०८०।३।८ सम्म कार्य सम्पन्न गर्ने गरी रू.५८,६८,६१९।०४ मा सम्झौता भएको छ । आर्थिक वर्षको अन्त्यसम्म २ वटा रनिङ्ग विलवाट रू.२८,९२,८४१।४८ भुक्तानी संघीय समपुरकवाट भएको छ । सम्झौताको म्याद २०८०।६।२० सम्म थप भएकोमा विमा तथा कार्यसम्पादन जमानतको म्याद थप भएको प्रमाण पेश

भएको छैन । सम्झौता अनुसार कार्यसम्पादन तथा विमाको म्याद थपेर निर्माण सम्पन्न गरी नगरपालिकाको लागत साझेदारीको अंशवाट भुक्तानी हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **संघीय सरकार विषेश अनुदान** - संघीय सरकार विषेश अनुदान विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७५ अनुसार कार्यक्रम सञ्चालन हुनु पर्दछ । विशेष अनुदान तर्फ निम्न कार्यक्रममा बजेट कार्यान्वयन भएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | विशेष अनुदान | लागत अनुमान | सम्झौता | भुक्तानी |
|---|---|---|---|---|---|
| १ | आवास भवन निर्माण (सेफ हाउस) | ३५००००० | ३३७९७८०.१८ | २३०५३०३.३८ | २२८५७५७ |
| | | | १०९९७१६.०७ | ८४२१३४.५३ | ८४१५०२ |
| २ | रयाले पहिरो नियन्त्रण | ५०००००० | ४८२८१८८.७३ | ३५५२९६७.५७ | ३५५५९५३ |
| | **जम्मा** | **८५०००००** | **९३०७६८४.९८** | **६७००४०५.४८** | **६६८३२१२** |

विनियोजन भएको बजेटवाट लागत अनुमान रू.३३,७९,७८०।१८(कन्टिन्जेन्सी वाहेक) भएको आवासको एक तला भवन निर्माण कार्य २०८०।२।३० भित्र सम्पन्न गरिसक्ने गरी २०७९।८।१३ मा रू.२३,०५,३०३।४० मा सम्झौता भई कार्यसम्पन्न भएको देखियो । प्रतिस्पर्धात्मक लाभको वचत बजेटवाट पुनः सेफ हाउस घेरावार, टायल, सोलार तथा रङ्गरोगन कार्यमा रू.१०,९९,७१६।०७ को लागत अनुमान तयार गरी २०८०।३।३ मा रू.८,४२,१३४।५३ मा संझौता गरी कार्य समेत सम्पन्न भएको देखियो । प्रस्ताव अनुसार बजेट प्राप्त भएको वार्षिक कार्यमा बजेट खर्च गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

६७ **सम्झौता कार्यान्वयन** - सम्झौता बमोजिमको काम तोकिएको अवधिमा सम्पन्न नगरेको अवस्थामा कार्यसम्पादन जमानतको म्याद थप गर्नु पर्दछ । आर्थिक वर्ष २०७८।७९ मा सम्झौता भएको बेसारे भिर सडक मर्मत र वडा न २ को विभिन्न सडक निर्माणको कार्य म्याद थप अवधिमा समेत सम्पन्न नभएकोमा निर्माण व्यावसायीवाट पेश भएको रू.२,५९,१००।- को कार्यसम्पादन जमानतको म्याद २०८०।५।२४ सम्म भएकोले लेखापरीक्षण अवधिसम्म समाप्त भएको छ । सम्झौता बमोजिमको काम सम्पन्न नगरेको हुँदा सम्पादन जमानत म्याद थप गर्नुपर्ने देखिएको रू.

| ठेक्का नं. र काम | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यसम्पादन जमानत रकम |
|---|---|---|---|
| २४।७८।७९ बेसारे भिर सडक मर्मत | के यस ज्यातिना कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रालि | ६८२०२५.६३ | १०२४००.०० |
| २३।०७८।७९ वडा न २ को विभिन्न सडक निर्माण | के यस ज्यातिना कन्ष्ट्रक्शन एण्ड सप्लायर्स प्रालि | १०४४३८१.३० | १५६७००.० |
| **जम्मा** | | **१७२६४०७.००** | **२५९१००** |

| प्रमाण पेश नगरेको | २,५९,१०० |
|---|---|

६८ **टोल विकास कार्यक्रम** - वडा नं १० वडा स्तरिय टोल विकास कार्यक्रमको समूह कृषि कार्यक्रम तर्फ रू.२ लाख बजेट विनियोजन भएको देखियो। उल्लेखित बजेटवाट २०८०।१।११ को सूचना अनुसार प्रस्ताव माग गरेकोमा गणेश कृषि

तथा पशुपंक्षी समुह रू.१,२०,०००।- लागि छनौट भएको देखियो। बाँकी रकम पुनः सूचना प्रकाशन गरी प्रश्ताव माग गर्दा कुनै समुह रीतपूर्वक पेश नभएकोले गणेश कृषि तथा पशुपंक्षी समुह नगरपालिका पुँजीगतको गोश्वारा भौचर नं. ३५७।०८०।३।११ बाट रू.२ लाख भुक्तानी भएको छ । अनुदान प्राप्त गर्ने लक्षित कृषि तथा पशुपंक्षी समुहको सँख्या खुलाई प्रस्ताव आह्वान गरेको सूचना भुक्तानीसँग समावेश भएको छैन । पुनः सूचना प्रकाशन गरी प्रश्ताव माग गर्दा कुनै समुह रीतपूर्वक पेश नभएको उल्लेख गरी गणेश कृषि तथा पशुपंक्षी समुहलाई भुक्तानी भएको नियमसम्मत नदेखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ८०,००० |

६९ **प्रदेश समपूरक अनुदान** - प्रदेश समपूरक अनुदान कोशी प्रदेशको समपूरक अनुदान सम्वन्धी कार्यविधि, २०७५ को बुँदा नं. ४ अनुसार प्रदेशको वढीमा अनुदान ७० प्रतिशतसम्म उपलव्ध हुने, बुँदा नं. ७ अनुदान प्रस्ताव पेश गर्ने, बुँदा नं. ८ अनुसार आवधिक योजनामा समावेश गर्नु पर्ने उल्लेख छ । सोही अनुसार पालिकाले निम्नानुसार बजेट प्राप्त गरेको छ ।

| क्र.सं. | कार्यक्रम | प्रदेश सरकार समपुरक अनुदानतर्फ बजेट व्यवस्थापन | |
|---|---|---|---|
| | | प्रदेश तर्फ | स्थानीय तह तर्फ |
| १ | पारादोभान-मिलनचोक-ओखरवोट-निशंखे हुँदै तलुवा जाने सडक स्तरोन्नती | ६० लाख | ४० लाख |
| २ | मिलनचोक-खाद्यगोदाम-जिल्लाप्रशासन-हुलाक डाँडा-साल्मे खोरिया-कृष्ण मन्दिर-रमाईलोडाँडा जाने सडकस्तरोन्नती | ४० लाख | २६ लाख |

उल्लिखित बजेट मध्ये पारादोभान मिलनचोक ओखरवोट निशंखे हुँदै तलुवा जाने सडक स्तरोन्नतीको लागि प्रदेश र स्थानीय तह समेतको रू.१ करोड बजेट विनियोजन भएकोमा प्रतिस्पर्धात्मक लाभको प्रयोग गरी निम्नानुसार रू.१,५९,१५,४८२।७६ लागत अनुमानको कार्य भएको र रू.६६ लाख बजेट भएको मिलनचोक खाद्यगोदाम जिल्ला प्रशासन हुलाक डाँडा साल्मे खोरिया कृष्ण मन्दिर रमाईलोडाँडा जाने सडक स्तरोन्नती कार्यको निम्नानुसार रू.९३,००,०१७।७८ को कार्य भएको छ। पालिकाको अधिकारमा रहेको पूर्वाधार निर्माणको यकिन गरी चेनेज समेत खुलाई अनुदानको कार्यविधिमा समेत आधारित रही वार्षिक रुपमा तोकेको कार्यक्रम सम्पादन गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | कार्यक्रम | लागत अनुमान रू. | कवोल रकम रू. | भुक्तानी | |
|---|---|---|---|---|---|
| | | | | प्रदेश तर्फ | स्थानीय तह तर्फ |
| १ | **पारादोभान-मिलनचोक-ओखरवोट-निशंखे हुँदै तलुवा जाने** | **१५९१५४८२.७६** | **७८६९२८७.२९** | **४८८७३५१.००** | **२०२२८१०.००** |
| क. | Works/०६/०७९/८० को कार्य पब्लिक कन्सट्रक्सन | ९३९९८४८.४० | ४५३३६३७.४१ | १८९७५५६.०० | २०२२८१०.०० |
| ख. | Works/१७/०७९/८० को सर्वश्री कन्स्ट्रक्सन प्रा.लि. बाट भएको | ४८१५२०१.३६ | २३९३४४५.२५ | २३९०४०१.०० | ०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ग. | Works/२५/०७९/८० को कार्य सर्वश्री कन्स्ट्रक्सन प्रा.लि. बाट भएको (पहिलो विल भुक्तानी पश्चात अदालतमा मुद्दा दायर भै अन्तरिम आदेशले रोकावट) | १७००४३३.०० | ९४२२०४.६३ | ५९९३९४.०० | ०.०० |
| २ | **मिलनचोक-खाद्यगोदाम-जिल्लाप्रशासन-हुलाक डाँडा-साल्मे खोरिया-कृष्णमन्दिर-रमाईलोडाँडा जाने सडकस्तरोन्नती** | **९३०००१७.७८** | **४९९८४६७.६३** | **३४३२३८९.००** | **१५३३२४२.००** |
| क. | Works/५/०७९/८०कोकार्य शाक्य निर्माण सेवा प्रा.लि. बाट भएको | ६२०८३७९.२० | ३२४००४७.२० | २२६०१६५.०० | ९६८६४२.०० |
| ख. | Works/१६/०७९/८०कोकार्य शाक्य निर्माण सेवा प्रा.लि. बाट भएको | ३०९१६३८.५८ | १७५८४२०.४३ | ११७२२२४.०० | ५६४६००.०० |

सैद्धान्तिक बेरुजु

७० **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कुल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७१ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले गरेको खरिद तथा निर्माणको कार्यमा लागत अनुमान भन्दा ५५ प्रतिशत सम्म घटीमा कबोल गरेर सम्झौता भएका केही ठेक्का विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ०६/०७९/८० | पारादोभान-मिलनचोक-ओखरवोट-निशंखे हुँदै तलुवा जाने | पब्लिक कन्सट्रक्सन | ९३९९८४८.४० | ४५३३६३७.४१ | ५२ |
| २ | १७/०७९/८० | | सर्वश्री कन्स्ट्रक्सन प्रा.लि. | ४८१५२०१.३६ | २३९३४४५.२५ | ५० |
| ३ | २५/०७९/८० | | सर्वश्री कन्स्ट्रक्सन प्रा.लि. | १७००४३३.०० | ९४२२०४.६३ | ४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५/०७९/८० | मिलनचोक-खाद्यगोदाम-जिल्ला प्रशासन - हुलाक डाँडा -साल्मे खोरिया-कृष्ण मन्दिर - रमाईलोडाँडा जाने सडक स्तरोन्नती | शाक्य निर्माण सेवा प्रा.लि. | ६२०८३७९.२० | ३२४००४७.२० | ४८ |
| ५ | १६/०७९/८० | | शाक्य निर्माण सेवा प्रा.लि. | ३०९१६३८.५८ | १७५८४२०.४३ | ४३ |
| ६ | १५/०७९/८० | ओमिक इनर्जी एण्ड कन्सट्रक्सन प्रा.लि. | व्याट्री व्याकअपका सामान | १४९९७३६ | १२२०४०० | १९ |
| ७ | २३/०७९/८० | विनोद इलेक्ट्रिकल सेन्टर | ई हाजिरी खरिद | १७८४५०८ | ८१०७७५ | ५५ |
| ८ | २४/०७९/८० | यस.यस.इन्टरप्राइजेज | सर्भर व्यवस्थापन | १९९३८३९.९२ | १५२४९३५ | २४ |
| ९ | १९/०७९/८० | मुक्तिनाथ एग्रीकल्चर क प्रालि | मिनिटिलर खरिद | १४४३७५० | १०३६३५० | २८ |

पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यसरी घटी कवोलमा सम्झौता भएका निर्माण कार्यमा प्रयोग भएका सामाग्रीको गुणस्तर परीक्षण सम्झौतामा तोकेको तरिकाले भए नभएको वा नर्म्स नै अधिक भएको सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधिसम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७२ **आवधिक योजना निर्माण** -आवधिक योजना निर्माण गर्न प्रदेश सरकारवाट रू. १४ लाख ५० हजार बजेट विनियोजन भएकोमा २०७९।११।१७ मा सूचना प्रशासन गरी परामर्श सेवा खरिद विधि अनुसार गोश्वार भौचर नं. २१।०८०।३।२२ वाट सार्थक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.(६००१०५६९१)लाई रू.१४,४१,८८०।- भुक्तानी भएको छ । नवप्रवर्धन कार्यक्रमका प्रतिवेदन प्राप्त भएको अवस्थामा समेत कार्यालयले आवधिक योजना तयार गर्न बजेट वरावर लागत अनुमान तयार गरेको देखियो । विगतको नीति तथा कार्यक्रम, आवधिक योजनाको समिक्षा र वर्तमान अवस्था चित्रण हुने गरी संघीय आवधिक योजना र दीगो विकास लक्ष्यलाई स्थानीय आवश्यकतासँग आन्तरिकीकरण सुनिश्चितता सहित कार्यान्वयन हुनु पर्दछ।

सैद्धान्तिक बेरुजु

७३ **पेस्की जमानत** - सार्वजनिक खरिद नियमवली २०६४ को नियम ११३(३) मा पेस्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेस्की फस्यौंट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनु पर्ने व्यवस्था छ। देहाय बमोजिमको ठेक्कामा पेस्की जमानतको म्याद समाप्त भएकोले म्याद थप भएको प्रमाण पेश हुनुपर्ने रू.

| ठेक्का नं | फर्मको नाम | जमानतको म्याद समाप्त मिति | पेस्की रकम | कैफियत |
|---|---|---|---|---|
| १८/०७९/८० | श्रेष्ठबिल्डर्स | २०८०।३।२५ | १२९८४५७ | |

| | | | | |
|---|---|---|---|---|
| ३८।०७७।७८ | श्याम सुन्दर। नेपालफुलवारी सेवा जे.भी. | २०७९।०८।४ | ३०७२००० | |
| **जम्मा** | | | ४३७०४५७ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४३,७०,४५७ |

७४ **परामर्स तथा डीपीआर खर्च** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत लागत | खर्च रकम |
|---|---|---|---|
| पन्च वर्षिय आवधिक योजना निर्माण | श्री सार्थक रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि,काठमाण्डौ | १४५०००० | १४४१८८० |
| भोटेखोला दोभान मुहान बेथुखर्क खानेपानी | श्री डोरिक भिल्ला ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि,काठमाण्डौ | २०००००० | १९९६५९७ |
| निगालेखोला खानेपानी | | | |
| नलिडाडा खानेपानी | | | |
| भू उपयोग नक्सा तयार कार्य | श्री गंगा ईन्जिनियरिङ्ग एण्ड डिजाईनिङ्ग कन्सलटयान्सी प्रा.लि | १५००००० | १४९७९२८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । विस्तृत परीयोजना प्रतिवेदन तथा अध्ययन प्रतिवेदनको कार्य गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाको अभिलेखिकरण गरी कार्यान्वयन सुनिश्चितता हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७५ **पेस्की जमानतको अवधि थप** - निर्माण व्यवस्थापन सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ तथा खरिद सम्झौतामा तोकेको समयावधिभित्र निर्माण कार्य गराउनु पर्दछ । कार्यालयले श्रष्टा पार्कमा पर्यटकीय पूर्वाधार निर्माण गर्नको लागि २०७८।६।४ मा मूल्य अभिवृद्धि कर समेत रू.४,२०,३६,३२८।६० मा २०७९।१०।३ भित्र निर्माण सम्पन्न गरिसक्ने गरी श्याम सुन्दर/ नेपाल फुलवारी सेवा जे.भि.,काठमाण्डौसँग सम्झौता भएको थियो। आर्थिक वर्ष २०७९।८० को अन्त्यसम्ममा सम्झौताको ३६.६२ प्रतिशत रू.१,५३,९४,६७२।-को कार्य भएको छ । निर्माण कार्यको अवधि पहिलो पटक २०८०।२।३२ सम्म भएकोमा दोश्रो पटक जग्गा विवादको कारण सहितको निवेदनको आधारमा कार्यपालिकाको निर्णयानुसार २०८०।५।३२ सम्म थप गरेको छ। बीमा, कार्य सम्पादन जमानत तथा पेस्की जमानतको अवधि थप गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **लागत सहभागिता** - पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर

पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७७ **बढी भुक्तानी** - खरिद सम्झौतामा उल्लेख भए अनुसार निर्माण व्यावसायीले पेश गरेको रनिङ्ग विलको भुक्तानी नापी किताव र ठेक्का विल अनुसार भुक्तानी गर्नु पर्दछ । श्याम सुन्दर/ नेपाल फुलवारी सेवा जे.भि., काठमाण्डौले आर्थिक वर्ष २०७८।७९ प्रथम रनिङ्ग विल वापत रू.२२,६२,३१४।५८ भुक्तानी माग गरेकोमा कार्यालयले रू.२४,३१,०७२।- भुक्तानी गरेको र आर्थिक वर्ष २०७९।८० मा दोस्रो रनिङ्ग विलसम्म रू.७१,४८,९०४।१० को कार्य गरी रू.४८,८६,५८९।५२ भुक्तानी माग गरेकोमा वढी भएको भुक्तानी समायोजन गरेको देखिएन । दोस्रो विल भुक्तानी गर्दा पहिलो विलमा वढी भुक्तानी भएको रकम समायोजन नगरेकोले असुल गर्नु पर्ने रू.

| असुल गर्नुपर्ने | १,६८,७५७ |
|---|---|

७८ **रयाले पहिरो नियन्त्रण** - पालिकाले यस वर्ष रयाले पहिरो नियन्त्रणमा संघीय विशेष अनुदान तर्फ रू.५० लाख विनियोजन भएकोमा रू.४८,२८,१८८।७३ को लागत अनुमान तयार गरी विद्युतीय वोलपत्र विधिवाट संयोग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.सँग २०७९।११।३ मा रू.३५,५२,९६७।५७ मा सम्झौता गरी सम्पन्न गरेको छ। जिल्ला स्थित संघीय तथा प्रदेश कार्यालयसँग समेतको समन्वयमा दोहोरो कार्य नहुने सुनिश्चितता गरी कार्य गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७९ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८० **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले यस वर्ष स्यानिटरी प्याड खरिद शीर्षकमा रू.१७ लाख ५४ हजार बजेट बिनियोजन गरिएकोमा खरिद गरेको देखिएन । यसरी स्यानिटरी प्याड वितरण नगर्नाले राज्यले प्रदान गरेको सेवा प्राप्त गर्न छात्राहरु बञ्चित भएको देखिन्छ । तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा स्यानिटरी प्याड खरिद गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८१ **सुरक्षित नागरिक आवास** - सुरक्षित नागरिक आवास कार्य क्रममा यस वर्ष रू. ४६ लाख विनियोजन भएकोमा रू. ३५,०९,६०९।- खर्च भएको छ। रमा भुजेल, सागर राई, देवी कुमारी मगर(विश्वकर्मा), प्रेम सरी राई, सन्तोष राई, केशर वहादुर मगर, विरबहादुर मगर, पासाङ्ग शेर्पा, तिर्थ बहादुर राई, पासाङ्ग लामु शेर्पा, दावा शेर्पा, ननिता धमला, ज्ञान वहादुर तामाङ्ग, हरी बहादुर वाग्ले, देव कुमार भुजेल, सोनिया दर्जी र भुवान सिं राई समेत लाई रू.१९,६००।- को दरले पहिलो किस्ता मात्र रू.३,३३,२००।- भुक्तानी भएको छ । सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ र सम्झौता अनुसार काम गराउनु पर्ने अन्यथा असुल गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३३,२०० |

८२ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले उत्पादकको प्रकाशित मूल्यसूची बेगर गोश्वारा भौचर नं. १६७-२०८०।०२।०८ मा रू.६,३६,४०४।- र ३२८।०८०।३।२० मा रू.८,८२,४०२।- गरी कुल जम्मा रू.१५,१८,८०६।- को औषधी खरिद गरेको छ । यस सम्वन्धि व्यहोरा निम्न छन् । प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीमा ब्याच नं. तथा कम्तीमा १८ महिना म्याद भएका हुनुपर्ने उल्लेख छ । यसरी खरिद गरिएका जसका केही उदाहरणहरु निम्नानुसारका रहेका छन् । अतः तोकिए अनुसार औषधी खरिद कारबाही गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | औषधीको नाम | म्याद समाप्त हुने मिति | कैफियत |
|---|---|---|---|
| १ | oxymetazoline | May24 | |
| २ | Muspam forte | May24 | निशुल्क वितरण छाप नभएको |
| ३ | Rantac 150 | Apr25 | |
| ४ | Calbone | Feb 25 | |
| ५ | supramox 500 | Mar 25 | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८३ **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ । पालिकाले राजस्ववाट उठेको रकम ढिला गरी हप्ता, पन्ध्र र महिना दिनमा दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धीत पक्षको ध्यान जानु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

८४ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रू. |
|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | ३०००००० | २५३८७००.६७ |
| ११३१४ भुमिकर/मालपोत | २५००००० | २२७१३८७ |
| ११३२१ वहाल कर | १३५०००० | १२२९७२८.६५ |
| ११३२२ वहाल विटौरी कर | १००००० | ७२,५३८.१८ |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५,००० | १४,०१८.७० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १०००००० | ६२६००० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | ० | ० |
| ११६९१ अन्य कर | ३००००० | १४५९३५ |
| १४१५१ सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३००००० | ११७३५० |
| १४२१३ अन्य बिक्रीबाट प्राप्त रकम | १७५००० | ६६,९०० |
| १४२१९ अन्य सेवा शुल्क तथा बिक्री | १२५००० | ८५,७२५ |
| १४२२१ न्यायिक दस्तूर | २५,००० | १०,००० |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | २५०००० | १५०००० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | ५०,००० | ३०,००० |
| १४२४१ पार्किङ्ग शुल्क | २५,००० | १५,००० |
| १४२४२ नक्सापास दस्तुर | १३००००० | ७०००००.८७ |
| १४२४३ सिफारिश दस्तुर | ११००००० | ८००००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २५०००० | १९०००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १००००० | ७०,००० |
| १४२४९ अन्य दस्तुर | १०००००० | १७५००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ७५०००० | ४५०००० |
| १४२६५ गिट्टि तथा बालुवा | ४२५००० | ४६,००० |
| १४५२९ अन्य राजस्व | ८५०००० | ९०,००० |
| घरजग्गा रजिष्ट्रेशन | | २,६००,००० |
| **जम्मा** | **१५००००००** | **१२४९४२८४.०७** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८५ **राजश्व अभिलेख** - कार्यालयले यस वर्ष रू.१,२४,९४,२८४।०७ आन्तरिक राजश्व प्राप्त गरेको छ । कार्यालयले छपाईको निर्णय सहित छपाई भएको आम्दानी रसिद प्रयोग सम्वन्धमा रसिद नियन्त्रण खाता तयार गरेर नेपालको सरकारी लेखा फारामहरु २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा.नं.१०४), दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा.नं.१०६), दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं.१०७), राजस्व/आम्दानीको लगत र असुली प्रतिवेदन (म.ले.प.फा.नं. ११३) लगायत राजस्व आम्दानीको स्रेस्ता खडा गरी आर्थिक विवरण तयार गर्नु पर्छ । उल्लिखित फारम प्रयोग गरी राजश्व प्राप्ति गरी प्रतिवेदन नगरेको, आम्दानी रसिद छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको प्रयोग भएको पुर्ण अभिलेख कार्यालयमा नआएको रअघिल्लो आर्थिक वर्षमा वाँकी रहेका रसिदको प्रयोग अवस्था समेत नखुलेकोले आम्दानी यकिन हुने अवस्था रहेको छैन। नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार राजश्व सम्वन्धी मलेप फारमको अनिवार्य प्रयोग गरी राजश्व अभिलेख, भिडान तथा प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८६ **आन्तरिक आय ठेक्का** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । प्रदेश आर्थिक ऐन २०७९ को दफा ६ अनुसूची ४ अनुसार ढुङ्गा गिटीको प्रति क्यू.फिट रू. ६ र वालुवाको प्रति क्यू.फिट रू. ४.७५ निर्धारण गरेको छ नदीको वगरक्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा वालुवाको संकलन तथा उत्खनन कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार २७१९४.४ घनमिटर उत्खनन गर्न सकिने उल्लेख छ । प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भएको मितिले २०७८ र २०७९ गरी २ वर्षको लागी मात्र वैधानिकता रहने उल्लेख छ । आर्थिक वर्ष २०७९।८० मा लिपेखोलाको २२५०५९ क्यू. फिट, सिस्नेखोला र ठोट्ने खोलाको ४११९६ क्यू. फिट र दुधकोशी नदीको मुलघाटको ६९४२४९ क्यू. फिटको कुल लागत रू.५७,६३,०२४।- को आय ठेक्का गर्न प्रथम पटक २०७९।५।२३ सिलवन्दी तथा वोलपत्र आह्वान गरेकोमा खरिद कार्यमा कुनैपनि सहभागिता भएन । पुनः दोस्रो पटक पहिलो र दोस्रो ठेक्काको लागि शिलवन्दी दरभाउपत्रमा २०७९।६।१० मा सूचना प्रकाशन गरेकोमा सिस्ने खोला र ठोटने खोला (ठेक्का नं. २।०७९।८०) को खरिद प्रकृयामा सहभागी उत्खनन व्यावसायी सम्झौता गर्न नआएको र तेस्रो पटक २०७९।६।२८ मा पहिलो लिपेखोलाको शिलवन्दी र तेस्रो दूधकोशी नदीको वोलपत्र दरभाउपत्रको सूचना प्रशासन गरेकोमा खरिद प्रकृयामा कुनै पनि उत्खनन व्यावसायी सहभागी नभएकोले कार्यपालिकाको २०७९ कात्तिक २१ को निर्णयानुसार सम्वन्धित वडा कार्यालय मार्फत संकलन तथा नियमन, निरीक्षण र अनुगमन समेत गर्ने गरी प्राप्त रकमको ३० प्रतिशत पारिश्रमिक भुक्तानी निर्धारण कर्मचारी व्यवस्थापन गरी नदी जन्य पदार्थको संकलन तथा विक्री गर्ने निणय भएको देखिन्छ। प्रारम्भिक वातावरणीय परीक्षण अनुसार आय ठेक्का मार्फत निर्धारित परिमाणको अनुमानित राजश्व निम्नानुसार कम्तिमा रू.५७,६३,०२४।- प्राप्त हुन सक्नेमा आर्थिक वर्ष २०७९।८० को प्रस्तावित आय रू.४,२५,०००।- मात्र समावेश गरी शिलवन्दी तथा वोलपत्र विधिवाट आय ठेक्का व्यवस्थापन हुन नसकेकोले रू.४६,०००।- मात्र दाखिला भएको देखिन्छ। पालिका भित्र ढुङ्गा, गिट्टी तथा वालुवा जस्ता निर्माण सामाग्री प्रयोग गरी हुने निर्माण कार्य समेत सञ्चालन भैरहेको अवस्थामा पालिकाले प्राप्त गरेको आम्दानी यथार्थपरक रहेको तथा प्राप्त भएको आम्दानी पुर्ण रुपमा पालिकाको खातामा दाखिला भएको

यकिन गर्न सकिने अवस्था रहेको छैन । पालिकाले निर्णयको कार्यान्वियन भए नभएको सम्वन्धमा यकिन गरी राजश्व प्राप्त गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

८७ **आय अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू.१,५०,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रू.१,२४,९४,२८४।०७ अर्थात अनुमान भन्दा ८३.२९ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

८८ **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू.४,५०,०००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको पाइएन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

८९ **निरीक्षण नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हृसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अध्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन । कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला हुने गरी सुधार हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

९० **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२,६४,९२,९९४.९ | १,२४,९४,२८४.०७ | ३.८२ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.८२ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : सिद्धिचरण नगरपालिका, ओखलढुंगा , सिद्धिचरण नगरपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | निलकण्ठ विश्वकर्मा | २०८०-८-२७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | बलराम लम्साल | २०७९-५-१७ | |
| लेखा प्रमुख | नरेश कटवाल | २०७५-१२-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरणः

| असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेस्की |
|---|---|---|---|---|---|
| १,८७४,१२८ | ६,६००,६९९ | १०,३८२,६७१.४ | ० | ० | १,०२८,७७८ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजु रू.** | | | | | १९,८८६,२७६.४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फस्र्यौट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजु रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजु रू.** | | | | | १९,८८६,२७६.४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९२७०१६१२.७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१४४२२९२१ | **चालु खर्च** | ६०२३३७८१०.७३ |
| **प्रदेश सरकारबाट अनुदान** | ४६३६८४५७ | **पुँजीगत खर्च** | २१०६५५१०९ |
| **राजश्व बाँडफाँट** | ८८०९४४३७.२२ | **वित्तीय/अन्य व्यवस्था** | ४२९६२८९८.१ |
| **आन्तरिक आय** | १२४९४२८४.०७ | | |
| **अन्य आय** | १५२७०२८४४.७३ | | |
| **कुल आय** | ८१४०८२९४४.०२ | **कुल खर्च** | ८५५९५५८१७.८३ |
| **बाँकी मौज्दात** | | ५०८२८७३८.८९ | |